कार्यपालिका विवरण



सुरेन्द्र बहादुर थापा
अध्यक्ष



पंच माया गुरुङ्ग
उपाध्यक्ष



शिव कुमार श्रेष्ठ
वडा अध्यक्ष



तिलक बहादुर कुँवर
वडा अध्यक्ष



परमेश्वर भट्टराई
वडा अध्यक्ष



दान बहादुर थापा मगर
वडा अध्यक्ष



ध्रुब प्रसाद लामिछाने
वडा अध्यक्ष



बल बहादुर गुरुङ्ग
वडा अध्यक्ष



दमयन्ती थापा मगर
महिला सदस्य



उमा घर्ती
महिला सदस्य



हरी माया विक
दलित महिला सदस्य



कौशिला परियार विक
दलित महिला सदस्य



जीवन भुजेल
अल्पसंख्यक सदस्य



मिन राम परियार
दलित सदस्य

जनप्रतिनिधि वितरण



सुरेन्द्र बहादुर थापा
अध्यक्ष



पंच माया गुरुङ्ग
उपाध्यक्ष

वडा नं. १



शिव कुमार श्रेष्ठ
वडा अध्यक्ष



रोशनी बराकोटी
महिला सदस्य



कौशिला परियार विक
दलित महिला सदस्य



डिल बहादुर राना
सदस्य



प्रेम बहादुर शाही
सदस्य

वडा नं. २



तिलक बहादुर कुँवर
वडा अध्यक्ष



दमयन्ती थापा मगर
महिला सदस्य



मञ्जु कामी
दलित महिला सदस्य



कृष्ण बहादुर घर्ती
सदस्य



कुमार रोका
सदस्य

वडा नं. ३



परमेश्वर भट्टराई
वडा अध्यक्ष



उमा घर्ती
महिला सदस्य



हरी माया विक
दलित महिला सदस्य



हर्क बहादुर थापा मगर
सदस्य



निर काजी आले
सदस्य

वडा नं. ४



दान बहादुर थापा मगर
वडा अध्यक्ष



ममता राना
महिला सदस्य



भगवती सुनार
दलित महिला सदस्य



भिम बहादुर घले
सदस्य



रवि श्रेष्ट
सदस्य

वडा नं. ५



ध्रुब प्रसाद लामिछाने
वडा अध्यक्ष



रञ्जिता श्रेष्ठ राना
महिला सदस्य



विन्दु नेपाली
दलित महिला सदस्य



छवि लाल गुरुङ्ग
सदस्य



लक्ष्मी गुरुङ्ग
सदस्य

वडा नं. ६



बल बहादुर गुरुङ्ग
वडा अध्यक्ष



निशा गुरुङ्ग
महिला सदस्य



भगवती विक
दलित महिला सदस्य



विजय राना
सदस्य



मिन बहादुर गुरुङ्ग
सदस्य

परिचय


बन्दिपुर गाउँपालिका नेपालको गण्डकी प्रदेशमा पर्ने तनहुँ जिल्लामा अवस्थित एक गाउँपालिका हो । आर्थिक वर्ष २०६८ र ६९ को बजेटमार्फत मुलुकमा ४१ नयाँ नगरपालिका थपिंदा बन्दिपुर लाई नगरपालिका घोषणा गरिएको थियो । यसलाई नगरपालिका घोषणा गर्दा धरमपानी र बन्दपुर गाउँ विकास समितिहरू समावेश गरिएका थिए।वि.सं २०७३ सालमा नेपालको नयाँ प्रादेशिक संरचना कायम गर्दा साविकको बन्दिपुर नगरपालिकामा घाँसीकुवाका (१ र ९) वडाहरू, र केशवटारका (१, ८ र ९) वडाहरूलाई समेटेर बन्दिपुर गाउँपालिका घोषणा गरिएको हो । राजनैतिक विभाजनका हिसाबले यो गाउँपालिका जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा पर्दछ । ६ वडामा बिभाजित यस गाउँपालिकाको प्रशासनिक कार्य वडा नं. ४ मा रहेको गाउँपालिकाको कार्यालयबाट हुने गरेको छ । बन्दिपुरको कुल क्षेत्रफल १०२ वर्ग कि.मी. छ । राष्ट्रिय जनगणना २०७८ का अनुसार यी ठाउँहरूको जनसंख्यालाई जोडेर बन्दिपुर गाउँपालिकाको जनसंख्या २०,०१३ रहेको छ।

नयाँ वडा	साविकका वडा	क्षेत्रफल	जनसंख्या	
			२०६८	२०७८
१	बन्दिपुर (१) र घाँसीकुवा (१)	१३.१२	४३७५	४७५८
२	बन्दिपुर (२,३)	१८.०२	३२६०	३१४६
३	घाँसीकुवा (९) र केशवटार (१,८,९)	१५.५२	२४२४	२०१७
४	बन्दिपुर (४, ६)	१०.५	३९४४	३९७८
५	बन्दिपुर (५, ७)	१३.९	२८६९	२६१७
६	बन्दिपुर (८ देखि ११)	३०.४७	३१४१	२०१६
जम्मा जनसंख्याः २०१६(२०६८) र १८५३२ (२०७८)				
जम्मा घरधुरीः ५२०८				
जनघनत्वः १८२				
जम्मा क्षेत्रफलः १०१.५३ वर्ग कि.मी.				
साक्षरता प्रतिशतः ७९.५%				

स्रोतः राष्ट्रिय जनगणना २०६८ र २०७८

बन्दिपुर तनहुँको पुरानो सदरमुकाम शहर हो । यो शहर यातायातको सुविधा नहुँदा पश्चिम पहाडको मुख्य व्यापारीक नाकाको रूपमा रहेको थियो । तनहुँ, कास्की, लमजुङ र गोरखाको लागि दक्षिणबाट सामान ल्याउने र पहाडी भेगबाट सामान दक्षिण पठाउने मुख्य स्थलको रूपमा यो नाकाको विकास भएको हो । तनहुँ जिल्लाको सदरमुकामको रूपमा रहेको यस ठाउँबाट वि.सं २०२५ सालमा उक्त सदरमुकामलाई दमौली सारिएको थियो ।

नेवार संस्कृतिमा लिपिएको बन्दिपुरको शहरी संरचना साढे दुई सय वर्ष पुरानो मानिन्छ । रहनसहन, थिति र संरचनाका साथसाथै प्राकृतिक सौन्दर्य बन्दिपुरका विशेषता हुन । बन्दिपुर वरिपरिका गाउँमा मगर संस्कृतिको अवलोकन गर्न पाइन्छ । हिमालयको फराकिलो दृश्य बन्दिपुरको विशेषता हो । बजारबाट दश मिनेट परको टुँडिखेलबाट हिमालको हिउँमात्र देखिँदैन, ३०० कि.मी. फराकिलो क्षितिजमा फैलिएका फाँट, पहाड पनि देखिन्छन् ।



बन्दिपुरबाट दुई घण्टा हिँडेर पातालीद्वार वा स्वर्गद्वारी गुफा पुग्न सकिन्छ । यहाँको सिद्ध गुफा नेपालकै सबैभन्दा ठूलो गुफा मानिन्छ । बन्दिपुर वरिपरिका डाँडा हाइकिङका दृष्टिले पनि उपयुक्त मानिन्छन् । बन्दिपुर प्याराग्लाइडिङका लागि पनि चर्चित छ । ११५० मिटर उचाइमा रहेको भञ्ज्याङचौतारा, बुरुञ्चे डाँडाबाट प्याराग्लाइडिङ सुचारु भैरहेको छ । यहाको मुख्य व्यापारिक स्थानहरु डुम्रे बजार र बन्दिपुर बजार हुन् । बन्दिपुरका प्रमुख आकर्षणहरु मध्ये खड्गदेवी माई मन्दिर पनि एक हो।

विश्व मानचित्रमा यो २७° ५३' २४" (२७.८९°) देखि २७° ५' १२" (२७.९७°) सम्मको उत्तरी अक्षांस र ८४° २१' ३६" (८४.३६°) देखि ८४° २७' ३६" (८४.४६°) सम्मको पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ । यस गाउँपालिकाको पूर्वमा आँबुखैरेनी गाउँपालिका र गोरखा जिल्ला, पश्चिममा व्यास नगरपालिका, उत्तरमा भानु नगरपालिका र गोरखा जिल्ला तथा दक्षिणमा देवघाट गाउँपालिका पर्दछन् ।

❖ शैक्षिक आधारमा जनसंख्या विवरण:

क्र.स.	शैक्षिक योग्यता	उत्तीर्ण जनसंख्या	कैफियत
१	एस.एल.सि. (SLC) उत्तीर्ण	१२९७	
२	१०+२ वा सो सरह उत्तीर्ण	१५३९	
३	स्नातक उत्तीर्ण	५४९	
४	स्नाकोत्तर उत्तीर्ण	२०२	

❖ जातिगत आधारमा जनसंख्या विवरण:

क्र.स.	जाति	संख्या	प्रतिशत	कैफियत
१	गुरुङ	४३५०	२३.५%	
२	मगर	३८०९	२०.६%	
३	क्षेत्री	१९७४	१०.७%	
४	नेवार	१७३७	९.४%	
५	बाह्रमण	१६७९	९.१%	
६	विश्वकर्मा	१२९०	७%	
७	मिजार	११८६	६.४%	
८	घर्ती	६८१	३.७%	
९	परियार	२९७	१.६%	
१०	सन्यासी/ दशनामी	२२०	१.२%	
११	अन्य	१३०९		

❖ धर्मका आधारमा जनसंख्या विवरण:

क्र.स.	धर्म	संख्या	प्रतिशत	कैफियत
१	हिन्दु	१४४५०	७८%	
२	बौद्ध	२३५२	१२.७%	
३	इसाई	६४१	३.५%	
४	इस्लाम	२०७	१.१%	
५	प्रकृति	१९६	१.०६%	
६	बोन	६८५	३.७%	

❖ भाषागत आधारमा जनसंख्या विवरण:

क्र.स.	भाषा	संख्या	प्रतिशत	कैफियत
१	नेपाली	९८४४	५३.१%	
२	गुरुङ	३९७३	२१.४%	
३	मगर	२८५४	१५.४%	
४	नेवारी	८३९	४.५%	
५	भुजेल	३०५	१.६%	
६	चेपाङ्ग	१८०	१%	
७	भोजपुरी	१४९	०.८%	
८	हिन्दी	१०८	०.६%	
९	तामाङ्ग	९२	०.५%	

"पर्यटन, कृषि, शिक्षा र पूर्वाधार, समृद्ध बन्दीपुर निर्माणको मूल आधार"

बन्दीपुर गाउँपालिकाको १९ औँ गाउँसभामा
अध्यक्ष श्री सुरेन्द्र बहादुर थापाद्वारा प्रस्तुत

वार्षिक नीति तथा कार्यक्रम

आ.व. २०८३/०८४

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

आदरणीय गाउँपालिका उपाध्यक्षज्यू,
सम्मानित सभामा उपस्थित गाउँसभा सदस्यज्यूहरु ।

नेपालको संविधान २०७२ मार्फत संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको स्थापना भएसँगै राजनीतिक संरचनाको रुपमा निर्माण भएका स्थानीय तहहरुको राजनीतिक प्रतिनिधित्व मार्फत नागरिकको घरदैलोको सरकारको रुपमा कार्य गरी रहेको सन्दर्भमा केहि वर्ष देखी विभिन्न कारणले देश आर्थिक संकट र महङ्गीको समस्यासंग जुधिरहेको छ । यसबाट संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले संघ र प्रदेशबाट पाउनु पर्ने वित्तिय हस्तान्तरणमा नकारात्मक असर परेको तत्कालिन सन्दर्भमा संवैधानिक व्यवस्था बमोजिम यस बन्दीपुर गाउँपालिकाको अगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम सम्मानीत गाउँसभा समक्ष पेश गरेको छु । यस अवसरमा स्थानीय सरकारलाई प्राप्त हुँदै आएको रचनात्मक साथ, समर्थन र सहयोगका लागि सम्पूर्ण गाउँपालिका बासीमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमले देशमा परेको चरम आर्थिक संकट, अनियन्त्रित महङ्गी र बढ्दो बेरोजगारीको कारणले थला परेको अर्थतन्त्रलाई गतिशील बनाउदै समृद्ध गाउँपालिका निर्माण गर्ने अभियानमा थप उचाई प्रदान गर्ने विश्वास लिएको छु ।

यस महत्वपुर्ण समयमा म नेपालमा नागरिक सर्वोच्चता, लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनआन्दोलन, जेन-जी आदोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरु तथा समुन्नतिको चाहना राख्नु हुने सम्पूर्ण बन्दीपुर गाउँपालिकाबासी दाजुभाई, दिदी बहिनीहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधानमा उल्लेखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आर्थिक नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्दाहरु, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, २० वर्षे गुरूयोजना, मध्यमकालीन खर्च संरचना, बन्दीपुर गाउँपालिकाको आवधिक योजनाबाट प्राप्त मार्गदर्शन सहित गाउँपालिकाको गाउँ, वस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिहरुको बैठक, राजनीतिक दल लगायत सरोकारवालाहरुसँगको छलफल, सामाजिक सञ्जाल र अन्तरक्रियाबाट प्राप्त सुझाव समेतलाई आधारमानी तयार पारिएको छ ।

आदरणीय सभाका सदस्य ज्युहरु,

अब म आर्थिक वर्ष २०८३/०८४ का लागी बन्दीपुर गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

नेपाल सरकारले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा अनुरूप गाउँपालिकाको सन्तुलित, समन्यायिक र समावेशी विकास गरी उच्च आर्थिक वृद्धिदर हासिल मार्फत गरिबी निवारण गर्ने लक्ष्यका साथ बन्दीपुर गाउँपालिकाले लिएको **"पर्यटन, कृषि, शिक्षा र पूर्वाधार समृद्ध बन्दीपुर निर्माणको मूल आधार"** भन्ने नारालाई साकार पार्न, वर्तमान अर्थतन्त्रको संकट र अनियन्त्रित महङ्गीबाट नागरिकलाई सुरक्षित, सिथिल अर्थतन्त्रलाई गतिशिल बनाउन प्रस्तुत नीति तथा कार्यक्रमले निम्न कार्यक्रमलाई प्राथमिकता दिने नीति लिइएको छ।

१. आर्थिक विकास सम्बन्धी नीतिः

पशुपन्छी तथा मत्स्य विकास तर्फः-

१. कृषि तथा पशुपन्छीपालन ब्यवसायलाई जोखिम कम गरि कृषि ब्यवसायलाई प्रोत्साहन गर्न कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२. दुग्ध उत्पादक सहकारीमा संस्थामा आबद्ध बन्दीपुर गाउँपालिका भित्रका कृषकहरुलाई दुग्ध उत्पादनमा प्रोत्साहन गर्नको लागि हाल दिदै आएको उत्पादनमा आधारित प्रति लिटर २ रुपैया कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३. पशु नश्ल सुधारको माध्यामवाट उत्पादन र उत्पादकत्व बृद्धी गरि दुध र मासुमा आत्मनिर्भरता आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्ने उद्धेश्य अनुरुप कृत्रिम गर्भाधान मिसन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४. रेविज रोग नियन्त्रणका लागि विश्वव्यापी रुपमा कुकुर को टोकाईवाट सर्ने रेविजवाट हुने मानव मृत्युलाई सन २०३० भित्रमा झार्ने लक्ष्य प्राप्त गरि मानब जीवन रक्षा गर्ने उद्धेश्य अनुरुप कुकुरमा रेविज रोग नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५. पशुपन्छी विकास कार्यक्रमको कार्यान्वयनमा प्राविधिक सहयोग प्रविधि प्रसार , आबश्यक समन्वय र सहजिकरणका लागि एक पालिका एक भेटेरिनी डाक्टर कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६. कृषकहरुलाई बिभिन्न कृयाकलापहरु देखाउने र सिकेका कुरा प्रसार तथा पोषण सम्बन्धि उत्प्रेरित गराउन बिभिन्न पशुपन्छी तथा दुध दिवस आदी कार्यक्रम संन्चालन गरिनेछ।

७. कृषकहरुलाई ब्यवसायिक उत्पादन स्थल नवीनतम प्रविधि अपनाएका सरकारी फार्म, अनुसन्धान केन्द्र वा निजी फार्महरुमा अध्ययन अबलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ।

८. पशुवस्तुहरुमा रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नै नदिनको लागि पशुबस्तुकालागि पूर्णखोप कार्यक्रमलाई निरन्तरता दिईनेछ। एवं निःशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिनेछ।

९. बन्दीपुर गाउँपालिका भित्रका खोलानालाहरुमा बिषादी लगायत अन्य अवान्छनीय कार्य हुन नदिनको लागि सचेतनामूलक कार्यक्रम लाई निरन्तरता दिदै स्थानीय खोलामा हुने स्थानीय माछाका भुराहरु छोड्ने कार्यक्रम संन्चालन गरिनेछ। एवं वडागत रूपमा उत्कृष्ठ कृषक सम्मान कार्यक्रम संचालन गरिनेछ।

१०. पशुपन्छी र मानिसबिच एक आपसमा सर्ने जुनोटिक(जुनोसिस) रोग सम्बन्धि स्कुल शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

कृषि विकास तर्फ:-

११. परम्परागत खेती प्रणालिलाई रुपान्तरण गरी आधुनिक तथा प्रतिष्पर्धी कृषि प्रणालिमा स्तर उन्नती गर्नका लागी आवश्यक आधुनिक कृषि औजार तथा उपकरणमा अनुदान साथै वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२. कृषि क्षेत्रको दिगो विकास, उत्पादन वृद्धि तथा किसानको आयस्तर अभिवृद्धि गर्ने उद्देश्यले स्थानीय आवश्यकता र सम्भावनामा आधारित कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. स्थानीय जातका फलफूलहरूको संरक्षण गर्दै गाउँपालिका अन्तर्गत २ ठाउँहरूमा नमुना फलफुल तथा तरकारी केन्द्र स्थापना गरिनेछ । साथै एभोकाडो, मेवा, ड्रागन फ्रुट, उखु, आँप, लिचि, केरा, सुन्तला जातका फलफूलहरु लगायतका फलफूल खेती कार्यक्रमलाई निरन्तरता दिदै नमुना फलफुल केन्द्र स्थापना गरिनेछ ।

१४. मुच्चुक, रामकोट, कोरिखा, ग्याजाटार, भैसे गोठ, लोहीमा माहुरी पालन कार्यक्रम संचालन गरिनेछ ।

१५. अगुवा कृषक अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ ।

१६. अर्गानिक कृषि उत्पादनमा जोडका लागि जैविक विषादी निर्माण र प्रयोगमा कृषकहरुलाई तालिमको व्यवस्थापन र साना सिचाई कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

१७. कृषि उत्पादनको विस्तार एवं बजारिकरणको लागि कृषि उपज संकलन केन्द्र तथा हाट बजार स्थापना र थप प्रभावकारी रूपमा संचालन गरिनेछ ।

१८. गाउँपालिका भित्रका कृषकहरूको तथ्यांक एकीकृत गर्न किसान सूचीकरण कार्यक्रम तथा कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अद्यावधिक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१९. कृषकको उत्पादनको उचित ब्यवस्थापन गरी उत्पादनमा आधारित अनुदानको व्यवस्था मिलाइने छ ।

२०. युवालाई कृषि कर्ममा प्रोतसाहन गर्न तथा बाँझो क्षेत्र उपयोग हुने गरि युवा मैत्री कृषि कार्यक्रम सुरुवात का साथै भुमि बैक स्थापना गरिनेछ ।

२१. कृषि क्षेत्रमा अनुसन्धान गर्नका निम्ती तथा बन्दीपुर गाउँपालिकामा थप सम्भावित कृषि क्षेत्र पहिचाहनका लागी कृषिमा आधारित अनुसन्धान गर्न कृषि स्नातक, कृषि स्नातकोत्तर गर्दै गरेका विद्यार्थीका लागि वजेटको ब्यवस्था गरिने छ ।

२२. तोरी, मुसुरो, आलु, फापर, टिमुर अकबरे आदिमा अनुदान उपलब्ध गराइनेछ ।

२३. वाँदरको समस्या ग्रस्थ स्थान पहिचाहन गरी बाँदरले नोक्सान गर्न नसक्ने बालिमा प्रोत्साहन गरिने छ ।

२४. असिना पानी बाढीबाट क्षति भएको कृषि उत्पादनलाई राहत उपलब्ध गराइनेछ ।

२५. फरक क्षमता भएका व्यक्तिहरु, सिमान्तकृत समुदायलाई लक्षित गरि जिविको पार्जनमा सहयोग पुग्ने तथा रोजगारी श्रृजना गर्ने कार्यक्रमहरु थालनी गरिने छ ।

२६. कृषि उत्पादनलाई अभिवृद्धि गर्न चक्लाबन्दी कार्यक्रम संचालन गरिनेछ ।

२७. पुरानो सराङघाट क्षेत्रमा डिप बोरिङ बाट सिचाई गरिनेछ । साथै अन्य बाध कुलोहरूको मर्मत संभार गरिनेछ ।

उद्योग,वाणिज्य तथा आपूर्ति तर्फः

२८. गाउँपालिका र प्रदेश सरकारसगँको सहकार्यमा बन्दीपुरे जनताले उपभोग गर्ने वस्तुहरूको उत्पादनलाई अभिवृद्धि गर्न साना उधोग स्थापनाको लागि आवश्यक तालिम र प्राविधिक सहयोग उपलब्ध गराउँदै उधोग स्थापना गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

२९. निर्माणाधीन औधोगिक ग्रामको समयमा नै सम्पन्न गरिनेछ। साथै आवश्यकताको आधारमा लघु उधोग स्थापना गरिनेछ।

३०. स्थानीय आवश्यकताका आधारमा आय तथा रोजगार अभिवृद्धिका लागि महिला,दलित,आदिवासी/जनजाती र विपन्न समुदायलाई लक्षित गरी लघु उधम विकास (मेड मोडल) बमोजिम युवाहरूलाई सीपमूलक तालिम मार्फत नयाँ उधमी सिर्जना गरिनेछ।

३१. स्थानीय मौलिक एवं विशेष उत्पादनको पहिचान गरि बजार सम्भाव्यता अध्ययन गरी उक्त उत्पादनको ब्रान्डिङ गरिनेछ।

३२. कृषि तथा पशुपंक्षी एवं अन्य वस्तुमा आधारित उधोगको स्थापना सञ्चालन तथा सुदृढीकरण कार्यलाई प्रोत्साहन र बजारीकरण गरिनेछ।

पर्यटन तर्फः

३३. ग्रामीण पर्यटन भ्रमण बर्ष २०२६ कार्यक्रम मार्फत बन्दीपुर र बन्दीपुरको ग्रामीण भेगमा पर्यटन व्यवसायलाई थप बिस्तार र स्तरोन्नती , प्रवर्द्धन गर्दै पर्यटन पूर्वाधार सुधार कार्यक्रमलाई जोड दिईनेछ।

३४. गण्डकी प्रदेशको दोश्रो पर्यटकीय गन्तव्य एंव पहाडकी रानीको उपनामले परिचित बन्दीपुरको ६ वटै वडामा पर्यटकीय स्थलहरूको दिगो विकासका , संरक्षण संवर्द्धन र प्रवर्द्धन गरी बन्दीपुर गाउँपालिकालाई पर्यटकीय केन्द्रको रुपमा विकास गरिनेछ।

३५. पर्यटन डकुमेन्ट्री, पर्यटकिय गाउँ तथा होमस्टे प्रोफाईल तयार गरि डिजिटल मध्यमबाट प्रचार प्रसार गरि ग्रामीण पर्यटनको प्रबर्धन गरिनेछ।

३६. बन्दीपुरको पर्यटनलाई विस्तार गर्दै प्रत्येक होम स्टेहरुको गुणस्तर सुधारका लागि नमुना होमस्टे निर्माणका लागि आवश्यकता अनुसारको तालिम र होमस्टे सर्किटको विकास गरिनेछ।

३७. गाउँपालिका भित्र रहेका पौराणिक चौतारा ठाँटी एवंम् बगैचाहरुको संरक्षण एवम् प्रवर्द्धन गरिनेछ।

३८. राष्ट्रिय र अन्तराष्ट्रिय पर्यटकलाई आर्कषणका लागि थुम्का पर्यटनको विकास गरिनेछ।

३९. बन्दीपुरमा आउने पर्यटकहरूको लगत राख्न र होमस्टे, होटलहरुको एकीकृत जानकारी गराउन पर्यटन सुचना केन्द्रको स्थापना गरिनेछ।

४०. बन्दीपुरको पर्यटनलाई थप प्रभावकारी बनाउन पदमार्गहरुको विकास गरिनेछ।

४१. पौराणिक सहरको रुपमा रहेको बन्दीपुर बजारको सौन्दर्यिकरण गर्दै संरक्षित क्षेत्रको भावलाई आत्मसाथ गर्दै संम्पदा सूचीमा सूचीकरण गर्नका लागि प्रारम्भिक चरणका कामहरु संचालन गरिनेछ।

४२. रैथाने बाली संरक्षण गर्दै र कृषि उत्पादनलाई पर्यटन संग जोडी कृषि फाम हाउसहरुलाई फामहाउस स्टेकोको रुपमा अगाडी बढाईने छ।

४३. सहासिक पर्यटनको प्रचुर सम्भावना रहेको रक क्लाईम्बिङ्ग, प्याराग्लाईडिङ्ग, क्यानोईङ्ग, राफ्टिङ्ग, साक्लिङ्ग जस्ता खेलको प्रबर्धन गर्दै बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

४४. बन्दीपुरको दिगो पर्यटन बिकास र पर्यटकको बसाई अवधि लामो बनाउनको निमित्त छिमेकी पालिकाहरु संगको समन्वयमा बिभिन्न पर्यटकिय स्थानको प्रबर्धन र बिकास गरिनेछ ।

४५. बन्दीपुको धार्मिक पर्यटन प्रवर्धन गर्नको लागि बन्दीपुरमा परापुर्व काल देखि मान्दै आएका मठ मन्दीर (मुकुन्देश्वरी, थानीमाई , खड्कमाई, भुत्याई बराह, सन्तनेश्वर महादेव, मुलपानी महादेव, साम्दी महादेव मन्दिर, तीनधारा महादेव, पहाडपानी महादेव मन्दिर, सानो आदि आदीको संरक्षण र सम्बर्धन गर्दै यसको प्रबर्धन गरिने छ ।

४६. पर्यटन मैत्री पूर्बाधार निर्माणलाई मणिमुकुन्दसेन पदमार्ग (Mini Great wall), रक गार्डेन र रक क्लाईम्बिङ्ग निर्माणलाई निरन्तरता दिईनेछ ।

४७. बन्दीपुर भित्र बाईसि चौबिसे राजाका पालामा चर्चित गढी (हुस्लाङ्ग कोट, चन्द्रकोटको गडी र अन्य गडीहरुको ईतिहास अध्ययन गरि यसको संरक्षण गरिने छ ।

४८. पर्यटनमा लगानि भित्र्याउनको लागि लगानी मैत्री नीति बनाई अगाडी सारिनेछ ।

४९. नेपालकै ठुलो शिद्ध गुफा र पाताल द्वार गुफा, शंखे गुफा जस्ता गुफको संरक्षण र प्रबर्धन गरि पर्यटकिय गतिबिधी संचालन गरिनेछ ।

५०. "आफ्नो गाउँ रमाईलो बनाउ" कार्यक्रमबाट गाउँका हरेक बस्तीलाई पर्यटकिय केन्द्रको रुपमा बिकास गर्न साझेदारी गरि ग्रामिण सौन्दर्यीकरण तथा उज्यालो बन्दीपुर र ढुङ्ग छपनिको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५१. बन्दीपुरमा रहेका हरेक पर्यटकिय गन्तव्यहरु छोटो बृतचित्र तयार गरि यसको प्रचार प्रसार गरिनेछ ।साथै होमस्टेहरूको पर्यटन बुकलेट तयार गरिनेछ ।

५२. बन्दीपुर भित्रको पर्यटकिय गन्तब्य र यहाँको मौलिक परम्परालाई देखाईने पर्यटक म्याप तयार गरी बन्दीपुरबाट देखिने हिमालका बिबरण सहितको सुचना बोर्ड तयार गरि पर्यटकहरुको लागि थप सहज बनाईनेछ ।

५३. बन्दीपुर, छिमकेश्वरी, मनकामना, गोरखा दरबार , भनुभक्तको जन्मस्थान, तनहुँसुर हुदै बन्दीपुर सम्मको ट्रेकिङ्ग रुटको सम्भाब्यता अध्ययन गरि यसको प्रचार प्रसार गरिनेछ ।

५४. बन्दीपुरका पर्यटकिय गन्तव्यको प्रचार प्रसारकोलागि पर्यटन पुस्तक, डिजिटल क्यू.आर बोर्डलाई प्रकाशन गरि प्रचार गरिनेछ ।

५५. बन्दीपुरका मुर्त तथा अमुर्त संस्कृती र सम्पदाहरको संरक्षण र सम्वर्धन गरिनेछ ।

५६. संसारको सबैभन्दा अग्लो चुचुरो सगरमाथा अवलोकन गर्न सकिने रानीबन पद मार्गलाई Bird Watching Trail को रूपमा निर्माण र विकास गरिनेछ ।

५७. बन्दीपुरको पर्यटनलाई दिगो रूपमा विकास र प्रवर्द्धन गर्नको लागी स्वदेश तथा विदेशमा रहेका पर्यटकीय स्थलहरूमा अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिनेछ ।

५८. नमुना होमस्टेको रूपमा विकास गरिएको रामकोट, धरमपानी, कोरिखालाई थप सौन्दर्यीकरण गरि कोशेली घर निर्माण गरी संचालनको लागि प्रोत्साहन गरिनेछ । साथै नमुना होमस्टेहरूको प्रवर्द्धनको कार्यक्रम संचालन गरिनेछ।

५९. पर्यटकीय नगरी बन्दीपुर बजारको डि.पि.आर. निर्माण गरि स्मार्ट पर्यटकीय सहरको रूपमा निर्माण गरिनेछ।

सहकारी तथा वित्तीय क्षेत्र तर्फः

६०. सहकारी सम्बन्धी क्षमता विकास कार्यका लागि आवश्यक तालिमको व्यवस्था मिलाइनेछ।

६१. गाउँपालिकाभित्र रहेका सहकारी संस्थाको नियमन र निरीक्षणलाई प्राथमिकता दिदै उधमशिल क्षेत्रमा लगानी गर्न प्रोत्साहनमूलक काममा लगाइनेछ।

६२. गाउँपालिका भित्र रहेका सहकारीको अध्ययन अवलोकन गरी अवस्थाको चित्रण गरिनेछ भने सो को प्रभावकारी अभिलेख तयार गरिनेछ।

६३. सहकारीलाई पुँजी निर्माणको महत्वपूर्ण माध्यमको रूपमा स्थापित गरी स्थानीय रोजगारी वृद्धि तथा स्थानीय कृषि तथा पशुचौपाया सम्बन्धी उधोग स्थापना र साना घरेलु उधम लगानी गर्ने वातावरणको सृजना गरिनेछ।

६४. सहकारीहरू मर्ज गरेर एउटा विशिष्टिकृत सहकारी निर्माण गरी साना खाले ल्याइनेछ।

आदरणिय गाउँसभाका सदस्य ज्यूहरु,

२) सामाजिक विकास सम्बन्धी नीतिः

शिक्षा तर्फः

६५. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन नीतिः गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको दरबन्दीलाई न्यायोचित र कानुनसम्मत बनाउन "शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन (Teacher Redeployment & Management)" कार्यक्रम प्राथमिकताका साथ लागू गरिनेछ । विद्यालयमा रहेको विद्यार्थी संख्या (Student-Teacher Ratio) र भौगोलिक विकटतालाई मुख्य आधार मानी बढी शिक्षक भएका विद्यालयबाट दरबन्दी कम भएका वा शिक्षक बिहीन विद्यालयहरूमा दरबन्दी स्थानान्तरण तथा मिलान गरिनेछ । दरबन्दी मिलान गर्दा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका विषयगत (विशेष गरी अंग्रेजी, गणित र विज्ञान) शिक्षकहरूको व्यवस्थापनलाई विशेष ध्यान दिइनेछ। पुल दरबन्दी, राहत र गाउँपालिका अनुदानका शिक्षकहरूलाई समेत आवश्यकताका आधारमा पुनर्वितरण गरी कुनै पनि विद्यालयमा शिक्षक अभावका कारण पठनपाठन अवरुद्ध हुन नदिने व्यवस्था मिलाइनेछ।

६६. शैक्षिक क्यालेन्डर, शिक्षक डायरी, गृहकार्य डायरी र विद्यार्थी मूल्याङ्कन कार्यान्वयनः गाउँपालिकाको पञ्चवर्षीय तथा वार्षिक "शिक्षा योजना (Education Plan)" लाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ। शैक्षिक सत्रको सुरुमै पालिका स्तरीय एकीकृत "शैक्षिक क्यालेन्डर (Educational Calendar)" निर्माण

गरी भर्ना, पठनपाठन, परीक्षा, अतिरिक्त क्रियाकलाप र बिदाहरूलाई व्यवस्थित गरिनेछ। प्रत्येक शिक्षकले दैनिक पाठयोजना र शिक्षणको पूर्वतयारीका लागि अनिवार्य रूपमा "शिक्षक डायरी (Teacher's Diary)" लेखन तथा प्रयोग गर्नुपर्ने व्यवस्था मिलाइनेछ। विद्यार्थीहरूको दैनिक सिकाइ, गृहकार्य र अनुशासन ट्र्याक गर्न गाउँपालिकाको साझा ढाँचामा "विद्यार्थी गृहकार्य डायरी (Student Homework Diary)" लागू गरी शिक्षक, विद्यार्थी र अभिभावकबीच नियमित सञ्चार कायम गरिनेछ। विद्यार्थीहरूको मूल्याङ्कन प्रणालीलाई निदानात्मक र निरन्तर बनाउन राष्ट्रिय पाठ्यक्रम प्रारूप बमोजिम "विद्यार्थी मूल्याङ्कन (Student Evaluation) मापदण्ड" लाई कडाइका साथ लागू गरी त्रैमासिक रूपमा सिकाइ उपलब्धिको विस्तृत लेखाजोखा गरिनेछ।

६७. प्रधानाध्यापक तथा विषयगत शिक्षकसँग कार्य सम्झौता र विषयगत शिक्षक समिति सक्रियता: गाउँपालिका भित्रका विद्यालयहरूको प्राज्ञिक नतिजा र प्रशासनिक जवाफदेहिता सुनिश्चित गर्न गाउँपालिकाले "कार्यसम्पादनमा आधारित सम्झौता (Performance-based Agreement)" प्रणाली लागू गर्नेछ। यस अन्तर्गत गाउँपालिकाले प्रधानाध्यापकहरूसँग विद्यालयको समग्र गुणस्तर सुधार र नतिजा वृद्धिका लागि तथा प्रधानाध्यापकले आफ्ना विद्यालयका विषयगत शिक्षकहरूसँग न्यूनतम सिकाइ उपलब्धि हासिल गराउने स्पष्ट सूचकसहित कार्य सम्झौता गरिनेछ। यसै सम्झौताको अर्धवार्षिक र वार्षिक प्रगति मूल्याङ्कनका आधारमा शिक्षक तथा प्रधानाध्यापकहरूको वृत्तिविकास र प्रोत्साहन जोडिनेछ। साथै, पालिका स्तरमा रहेका अंग्रेजी, गणित, विज्ञान र सामाजिक जस्ता विषयका "विषयगत शिक्षक समिति (Subject-wise Teacher Committees)" लाई सक्रिय बनाइनेछ।

६८. साथी शिक्षक (Peer Teacher) कार्यक्रम कार्यान्वयन: गाउँपालिका भित्रका विद्यालयहरूमा रहेको विषयगत शिक्षक (विशेष गरी अंग्रेजी, गणित र विज्ञान) को अभावलाई व्यावहारिक रूपमा व्यवस्थापन गर्न र शिक्षण सिकाइको स्तर समान बनाउन "साथी शिक्षक कार्यक्रम" लागू गरिनेछ। यस अन्तर्गत पालिका भित्रका कुनै विद्यालयमा विशिष्ट दक्षता भएका उत्कृष्ट शिक्षकहरूलाई निश्चित कार्यतालिका बनाई अन्य शिक्षक दरबन्दी कम भएका वा कमजोर नतिजा भएका 'साथी विद्यालय' हरूमा पठाएर शिक्षण गराइनेछ। यसले गर्दा एकातिर विद्यार्थीहरूले उत्कृष्ट शिक्षकबाट पढ्न पाउनेछन् भने अर्कोतिर दुर्गम क्षेत्रका शिक्षकहरूले ती साथी शिक्षकहरूसँगै बसेर आधुनिक शिक्षण विधि र कक्षाकोठा व्यवस्थापनका कलाहरू प्रत्यक्ष रूपमा सिक्ने अवसर (Peer Learning) पाउने वातावरण मिलाइने छ।

६९. UWS को साझेदारीमा शिक्षक तालिम तथा क्षमता विकास: बन्दीपुर गाउँपालिकाका सामुदायिक विद्यालयहरूको शिक्षण सिकाइ प्रक्रियालाई अन्तर्राष्ट्रिय स्तरको र बालकेन्द्रित बनाउन ख्यातिप्राप्त शैक्षिक संस्था UWS (United World Schools) सँगको रणनीतिक साझेदारीमा सघन शिक्षक तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। यस साझेदारी अन्तर्गत प्रारम्भिक बालविकास (ECD) देखि माध्यमिक तहसम्मका शिक्षकहरूका लागि आधुनिक शिक्षण विधि, रचनात्मक पाठ्यक्रम विकास, बहुकक्षा शिक्षण रणनीति, र कक्षाकोठा व्यवस्थापन सम्बन्धी पुनर्ताजगी तथा सेवाकालीन तालिमहरू वर्षैभरी निरन्तर रूपमा आयोजना गरिनेछ।

७०. नमुना विद्यालय अवलोकन तथा सिकाइ आदान-प्रदान कार्यक्रम: बन्दीपुर गाउँपालिका भित्रका र देशका अन्य उत्कृष्ट नमुना विद्यालयहरूले अवलम्बन गरेका सफल अभ्यासहरूलाई पालिकाभरि विस्तार गर्न "अन्तर-विद्यालय सिकाइ आदान-प्रदान तथा अवलोकन भ्रमण" कार्यक्रम सञ्चालन गरिनेछ । यस अन्तर्गत पालिका भित्रका विद्यालयका प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी र बाल क्लबका प्रतिनिधिहरूलाई छनोट गरी देशका सफल र उदाहरणीय नमुना विद्यालयहरूको स्थलगत अवलोकन गराइनेछ।

७१. विद्यालय शिक्षक तथा कर्मचारी प्रोत्साहन एवं पुरस्कार नीति: शिक्षण पेशालाई थप मर्यादित, प्रतिस्पर्धी र नतिजामुखी बनाउन गाउँपालिकाले "उत्कृष्ट शिक्षक तथा विद्यालय कर्मचारी पुरस्कार" कार्यक्रम लागू गरिने छ । वर्षभरी उत्कृष्ट कार्यसम्पादन गर्ने, विद्यालयको नतिजा सुधारमा निरन्तर योगदान पुर्याउने, प्रविधिमैत्री शिक्षण विधिको प्रयोग गर्ने शिक्षकहरू र विद्यालयको प्रशासनिक तथा भौतिक व्यवस्थापनमा उत्कृष्ट योगदान दिने विद्यालय कर्मचारीहरूलाई तथा विद्यार्थीहरुलाई पालिका स्तरमा शिक्षा दिवसको अवसर पारी नगद पुरस्कार, सम्मानपत्र र विशेष प्रोत्साहन भत्ता सहित पुरस्कृत गरिनेछ।

७२. शैक्षिक महोत्सव, विज्ञान प्रदर्शनी तथा प्राज्ञिक अतिरिक्त क्रियाकलाप:विद्यार्थीहरूको बौद्धिक, मानसिक र सिर्जनात्मक क्षमताको विकासका लागि गाउँपालिका स्तरीय "वार्षिक शैक्षिक महोत्सव तथा प्रविधि प्रदर्शनी" (Bandipur Educational Festival & Exhibition) आयोजना गरिनेछ । यस अन्तर्गत विद्यालयहरूमा खेलकुद बाहेकका विधा जस्तै— विज्ञान तथा रोबोटिक्स प्रदर्शनी, गणितीय अवधारणा प्रदर्शनी, स्थानीय कला तथा हस्तकला प्रदर्शनी, र जलवायु परिवर्तन सम्बन्धी नवप्रवर्तनकारी आइडिया (Innovation Jam) हरूको प्रतिस्पर्धा गराइनेछ।

७३. संस्थागत विद्यालयहरूको नियमन तथा वैज्ञानिक शुल्क निर्धारण: गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण संस्थागत (निजी) विद्यालयहरूलाई स्थानीय शिक्षा ऐन र कार्यविधि बमोजिम कडा रूपमा नियमन गरिनेछ। निजी विद्यालयहरूले लिने भर्ना शुल्क, मासिक शुल्क, परीक्षा शुल्क लगायतका अन्य शीर्षकका शुल्कहरूलाई पारदर्शी र व्यवस्थित बनाउन गाउँपालिकाद्वारा 'संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड कार्यविधि' तयार गरी लागू गरिनेछ । स्वीकृत मापदण्ड विपरीत मनोमानी रूपमा शुल्क लिने विद्यालयहरूलाई कानुनी कारबाहीको दायरामा ल्याइनेछ।

७४. विज्ञ सहितको संयुक्त टोलीबाट सघन विद्यालय अनुगमन: विद्यालयहरूको शैक्षिक, प्रशासनिक र आर्थिक अनुशासन कायम गर्न तथा कक्षाकोठाको शिक्षण विधिलाई प्रभावकारी बनाउन गाउँपालिकाले "विज्ञ सहितको विद्यालय अनुगमन कार्यदल" गठन गर्नेछ। यस टोलीमा शिक्षाविद्, विषय विज्ञ, मनोपरामर्शदाता र गाउँपालिकाको शिक्षा शाखा एवं जन प्रतिनिधिहरू रहनेछन् । अनुगमन टोलीले प्रत्यक्ष कक्षाकोठामा प्रवेश गरेर शिक्षकको शिक्षण शैली र विद्यार्थीको सिकाइ स्तरको प्राविधिक परीक्षण (Pedagogical Audit) गरिने व्यवस्था मिलाइने छ।

७५. शिक्षा ऐन अनुसार प्रधानाध्यापक व्यवस्थापन र शैक्षिक सुशासन: गाउँपालिका भित्र सञ्चालित सबै माध्यमिक विद्यालयहरूमा शिक्षा ऐन तथा नियमावलीले तोकेको न्यूनतम योग्यता, अनुभव र मापदण्डका

आधारमा मात्र प्रधानाध्यापक (प्रअ) को व्यवस्थापन गरिनेछ । प्रधानाध्यापक चयन प्रक्रियालाई पूर्ण रूपमा खुला, पारदर्शी र प्रतिस्पर्धात्मक बनाइनेछ ।

७६. अनिवार्य, निःशुल्क तथा नमुना विद्यालय विकास नीति: "हाम्रो गाउँ, हाम्रो गौरव: सबै बालबालिका विद्यालय भर्ना अभियान" मार्फत ५ देखि १२ वर्ष उमेर समूहका शतप्रतिशत बालबालिकाहरूलाई विद्यालय भर्ना सुनिश्चित गरिनेछ । सीमान्तकृत बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाइराख्न डिजिटल एटेन्डेन्स र विद्यार्थी 'ट्र्याकिङ' प्रणाली लागू गरी ड्रपआउट दर शून्यमा झारिनेछ नीति लिइने छ । भौगोलिक सन्तुलनका आधारमा छनोट गरिएका मुख्य सामुदायिक विद्यालयहरूलाई "नमुना विद्यालय" (Model School) को रूपमा विकास गरिनेछ । गुणस्तरीय शिक्षा सहित आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क कार्यन्वयन गराउने नीति लाई निरन्तरता दिइनेछ छ |

७७. एक विद्यालय, एक सीप (One School, One Skill) कार्यक्रम: विद्यार्थीहरूमा श्रमप्रति सम्मान जगाउन र विद्यालय तह पार गर्दा कम्तीमा एउटा आत्मनिर्भर बन्ने सीप हासिल गराउन गाउँपालिकाका प्रत्येक माध्यमिक विद्यालयमा "एक विद्यालय, एक सीप" कार्यक्रम लागू गरिनेछ । विद्यालयको भौगोलिक अवस्थिति र स्थानीय मागका आधारमा हस्तकला, प्लम्बिङ, हाउस वायरिङ, मोबाइल मर्मत, च्याउ खेती,बारिष्टा जस्ता प्राविधिक विधा छनोट गरी विद्यार्थीहरूलाई प्रयोगात्मक सीप सिकाइनेछ ।

७८. मानवीय स्रोत र दरबन्दी व्यवस्थापन (कम्प्युटर र स्वयंसेवक शिक्षक): गाउँपालिका भित्रका सबै आधारभूत र माध्यमिक विद्यालयहरूमा कम्प्युटर शिक्षकको अनिवार्य व्यवस्थापन गरिनेछ । मुख्य विषयहरूमा शिक्षक दरबन्दी अभाव रहेका विद्यालयहरूमा पारदर्शी र योग्यताका आधारमा 'गाउँपालिका स्वयंसेवक शिक्षक' (Bandipur Volunteer Teachers) नियुक्त गरी परिचालन गरिनेछ । साथै उक्त स्वयंसेवक दरबन्दी स्थायी दरबन्दी मिलान र व्यवस्थापन कार्य सम्पन्न भएपछि बाँकी रहेको न्यूनतम आवश्यकता परिपूर्तिका लागि मात्र उपयोग गरिनेछ ।)

७९. शैक्षिक पहुँच विस्तार, यातायात तथा सुरक्षित आवास (बस र होस्टेल): भौगोलिक रूपमा दुर्गम क्षेत्रका र टाढाबाट आउने विद्यार्थीहरूको यात्रा सुरक्षित र सहज बनाउन गाउँपालिकाको अनुदानमा 'विद्यालय बस' (School Bus) सेवा सञ्चालन गरिनेछ । नमुना विद्यालयहरूमा दुर्गम क्षेत्रका विपन्न, अनाथ, असहाय र छात्राहरूका लागि निःशुल्क तथा सुरक्षित आवासीय छात्रवास (School Hostel) को सञ्चालन गरिनेछ ।

८०. विद्यार्थी स्वास्थ्य, पोषण तथा रैथाने दिवा खाजा कार्यक्रम: प्रारम्भिक बालविकास केन्द्र र आधारभूत तहका विद्यार्थीहरूका लागि दैनिक ताजा, तातो र पोषणयुक्त दिवा खाजाको व्यवस्थापन गरिनेछ । विद्यालयहरूमा जङ्क फूड पूर्ण रूपमा निषेध गरी स्थानीय स्तरमा उत्पादित मकै, भटमास, कोदो, अण्डा र हरियो तरकारी समेटिएको साप्ताहिक 'खाजा मेनु' लागू गरिनेछ ।

८१. बन्दीपुर गाउँपालिका भित्र रहेका विधालयहरूको मापदण्ड र गुणस्तरका आधारमा स्तरीकरण गरिनेछ ।

८२. प्रविधिमैत्री विद्यालय व्यवस्थापन तथा IEMIS सुदृढीकरण: विद्यालयको दैनिक प्रशासनिक कार्यलाई

कागजरहित बनाउन आधुनिक 'विद्यालय व्यवस्थापन सफ्टवेयर' र शिक्षक/कर्मचारीका लागि 'डिजिटल हाजिरी' प्रणाली लागू गरी सोझै गाउँपालिकाको सर्भरसँग जोडिनेछ । नेपाल सरकारको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) लाई शतप्रतिशत अनलाइन र रियल-टाइम बनाइनेछ ।

८३. एकीकृत वार्षिक अतिरिक्त क्रियाकलाप क्यालेन्डर: गाउँपालिकाले सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरूका लागि एक रूपता आउने गरी "वार्षिक अतिरिक्त क्रियाकलाप क्यालेन्डर" (ECA Calendar) निर्माण गरी लागू गर्नेछ । यसले गर्दा पढाइसँगै खेलकुद र सृजनात्मक गतिविधिहरू वर्षैभरि व्यवस्थित रूपमा सञ्चालन गरिने छ ।

८४. प्रतिभा खोजी (Talent Hunt) अभियान: कोविद्यार्थीहरु लाई किताबी ज्ञानमा मात्र सीमित नराखी विद्यार्थीहरूमा लुकेर रहेको अन्तर्निहित प्रतिभा (गायन, नृत्य, अभिनय, चित्रकला, वक्तृत्वकला, र लेखन) पहिचान गर्न गाउँपालिका स्तरीय "बन्दीपुर तारा" (Bandipur Talent Hunt) जस्ता प्रतियोगिताहरू सञ्चालन गरिनेछ ।

८५. बन्दीपुर उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति: गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट उत्कृष्ट अङ्कका साथ उत्तीर्ण गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई प्राविधिक, चिकित्सा, इन्जिनियरिङ वा अन्य उच्च शिक्षा अध्ययनका लागि गाउँपालिकाको तर्फबाट वार्षिक रूपमा उच्च शिक्षा छात्रवृत्ति प्रदान गर्ने नीति लिइने छ ।

८६. अध्यक्ष छात्रवृत्ति कोष: गाउँपालिकामा अलग्गै 'अध्यक्ष छात्रवृत्ति कोष' स्थापना गरी आकस्मिक रूपमा अभिभावक गुमाएका वा अति विपन्न अवस्थामा पुगेका बालबालिकाहरूको शिक्षा निरन्तरताका लागि विशेष आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

युवा तथा खेलकुद तर्फ

८७. गाउँपालिका अध्यक्ष कप तथा वडा स्तरीय खेलकुद महोत्सव: पालिका भित्रका युवाहरूबीच आपसी भाइचारा, अनुशासन र खेल भावना प्रवर्धन गर्न वार्षिक रूपमा भव्य "गाउँपालिका अध्यक्ष कप खेलकुद प्रतियोगिता" आयोजना गरिनेछ । यस अन्तर्गत वडा स्तरदेखि नै छनोट चरणका खेलहरू सञ्चालन गरी फुटबल, भलिबल, क्रिकेट, एथलेटिक्स र ब्याडमिन्टन विधामा अन्तर-वडा र अन्तर-क्लब प्रतिस्पर्धाहरू गराइनेछ । यो प्रतियोगितालाई पालिकाको मुख्य खेलकुद उत्सवको रूपमा विकास गरी ग्रामीण क्षेत्रका खेलाडीहरूलाई आफ्नो प्रतिभा देखाउने उच्च मञ्च उपलब्ध गराइनेछ ।

८८. एक वडा, एक खेल मैदान र खेल पूर्वाधार विकास: बन्दीपुरका सबै वडाहरूमा कम्तीमा एउटा व्यवस्थित खेल मैदान, बास्केटबल कोर्ट वा कभर्ड हल,क्रिकेट खेल मैदान निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । पालिका स्तरमा रहेको मुख्य खेल मैदानलाई आधुनिक र सुविधासम्पन्न "बन्दीपुर रंगशाला" को रूपमा स्तरोन्नति गरी क्षेत्रीय तथा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताहरू आयोजना गर्न सक्ने पूर्वाधारको विकास गरिनेछ ।

८९. राष्ट्रपति रनिङ शिल्ड तथा विद्यालय स्तरीय खेलकुद: विद्यालय तहदेखि नै खेलकुदको जग बलियो

बनाउन र बाल्यकालदेखि नै खेलाडी उत्पादन गर्न विद्यालय स्तरीय खेलकुद प्रतियोगिताहरू र "वार्षिक राष्ट्रपति रनिङ सिल्ड" लाई थप व्यवस्थित र विधागत रूपमा सञ्चालन गरिनेछ । उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थी खेलाडीहरूलाई थप व्यावसायिक प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

९०. रैथाने, परम्परागत तथा साहसिक (Adventure) खेलकुद प्रवर्धन: बन्दीपुरको भौगोलिक विशेषता र ऐतिहासिकतालाई उपयोग गर्दै पर्यटन प्रवर्धन गर्ने उद्देश्यले प्याराग्लाइडिङ, ट्रेकिङ र माउन्टेन बाइकिङ, साइक्लिङ जस्ता साहसिक खेलकुद प्रतियोगिताहरूलाई प्रोत्साहन गरिनेछ । साथै, लोपोन्मुख परम्परागत तथा रैथाने खेलहरू (जस्तै: ठेलो हान्ने, धनुषबाण, डन्डिबियो) को संरक्षणका लागि विशेष प्रतियोगिता आयोजना गरिनेछ ।

९१. प्रतिभा पहिचान (Talent Hunt), बन्द प्रशिक्षण र खेल सामग्री सहयोग: गाउँ-गाउँमा छरिएर रहेका प्रतिभावान युवा खेलाडीहरू पहिचान गर्न नियमित 'ट्यालेन्ट हन्ट' कार्यक्रम चलाइनेछ । छनोट भएका खेलाडीहरूलाई योग्य प्रशिक्षक (Coaches) मार्फत विशेष बन्द प्रशिक्षण (Closed Camp) को व्यवस्था मिलाइनेछ । साथै, पालिका भित्र दर्ता भएका सक्रिय स्थानीय युवा क्लबहरूलाई वार्षिक रूपमा खेलकुद सामग्री (Sports Kits) अनुदान दिइनेछ ।

९२. खेलाडी प्रोत्साहन, बिमा तथा विशेष सम्मान नीति: बन्दीपुर गाउँपालिकाको प्रतिनिधित्व गर्दै जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका प्रतियोगिताहरूमा पदक जित्ने उत्कृष्ट खेलाडी र प्रशिक्षकहरूलाई नगद पुरस्कारसहित सार्वजनिक सम्मान र वृत्तिविकासमा सहयोग गरिनेछ । पालिका स्तरका मुख्य विधाका खेलाडीहरूको दुर्घटना र स्वास्थ्य बिमाको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

९३. बन्दीपुर युवा स्वरोजगार तथा नवीन उद्यमशीलता (Seed Money): वैदेशिक रोजगारीबाट फर्केका र स्थानीय स्तरमै व्यवसाय गर्न चाहने युवाहरूका लागि "युवा स्वरोजगार कोष" परिचालन गरिनेछ । पर्यटन, कृषि, टुर गाइड, हस्तकला र डिजिटल मार्केटिङ सम्बन्धी व्यावसायिक तालिम दिई उत्कृष्ट व्यावसायिक योजना (Business Plan) का आधारमा युवाहरूलाई विना धितो सहुलियतपूर्ण 'सीड मनी' वा ब्याज अनुदान उपलब्ध गराइनेछ ।

९४. लागुऔषध दुर्व्यसन विरुद्ध युवा सचेतना र मनोपरामर्श: युवाहरूलाई कुलत र दुर्व्यसनबाट जोगाउन प्रत्येक वडा र विद्यालय स्तरमा "सचेत युवा, समृद्ध समाज" अभियान सञ्चालन एवं युवा सञ्जाल गठन गरिनेछ । यस अन्तर्गत खेलकुद क्लब र बाल क्लबहरूको अगुवाइमा सचेतना सडक नाटक, अन्तरक्रिया र मनोपरामर्श (Counselling) कार्यक्रमहरू आयोजना गरिनेछन् ।

स्वास्थ्य तर्फ:-

९५. संघ तथा प्रदेश सरकारबाट प्राप्त सशर्त कार्यक्रम तथा बजेटसँग समन्वयात्मक रूपमा स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक स्रोत–साधनको व्यवस्थापन गरिनेछ । गाउँपालिकाभित्रका सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क, गुणस्तरीय र पहुँचयोग्य बनाइनेछ ।

९६. स्वास्थ्य क्षेत्रमा लागत प्रभावकारी र नागरिक मैत्री बनाउने गरी बन्दीपुर गाउँपालिका वडा नं १ मा रहेको पिप्ले आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई ५ शैयाको आधारभूत अस्पतालमा स्तरोन्नती गरि डुम्रे आधारभूत अस्पतालबाट सेवा प्रवाह गरिने स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ ।

९७. बन्दिपुर गाउँपालिका र विभिन्न संघ संस्थाहरुको समन्वय एवम् साझेदारीमा सवै वडाहरुमा विशेषज्ञ चिकित्सकहरु सहितको एकिकृत घुम्ति स्वास्थ्य सेवा शिविरहरु संचालन गरिनेछ ।

९८. 'स्वास्थ्य गाउँ–सहर, बन्दिपुरको बहार; जनताको घर–घरमा स्वास्थ्य उपचार' भन्ने अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै दीर्घरोगी, ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिलाहरूका लागि घरदैलोमै मासिक रुपमा सम्मानजनक र पहुँचयुक्त स्वास्थ्य सेवा लाई निरन्तरता दिइनेछ ।

९९. 'नियमित नसर्ने रोगको स्वास्थ्य परिक्षण गरौं, समयमा नसर्ने रोग पत्ता लगायौं" अभियान द्धारा नसर्ने रोगबाट हुने असामयिक मृत्यु तथा स्वास्थ्य जोखिम न्यूनीकरण गर्न गाउँपालिकास्तरीय "नसर्ने रोग अभियान" सञ्चालन गरिनेछ । मधुमेह, उच्च रक्तचाप, मुटुरोग, क्यान्सर, मिर्गौला रोग, दीर्घ श्वासप्रश्वाससम्बन्धी रोग लगायत नसर्ने रोगहरूको समयमै पहिचान, रोकथाम तथा व्यवस्थापनका लागि समुदायमा आधारित स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । एवं स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१००. ' गर्भवती संग उपाध्यक्ष ' गर्भवती तथा सुत्केरी महिलाहरुलाई निशुल्क स्वास्थ्य बीमा, गर्भवती महिलाको समयमै स्वास्थ्य परीक्षण (ANC), जोखिमयुक्त गर्भावस्थाको पहिचान, आवश्यक रेफरल सेवा तथा संस्थागत प्रसूतिलाई प्रोत्साहन गरिनेछ । उपाध्यक्षको नेतृत्वमा स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा सरोकारवालासँग समन्वय गरी गर्भवती महिलासँग अन्तरक्रिया, स्वास्थ्य शिक्षा तथा पोषण परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

१०१. बन्दिपुर गाउँपालिकाको स्वास्थ्य आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३ निर्माण गरि आपतकालिन अवस्थाहरूमा स्वास्थ्य क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य प्रभावकारी बनाई मानव जीवनको संरक्षण गरिनेछ ।

१०२. विपन्न तथा दिर्घ रोगीहरुलाई स्वास्थ्य बीमाको निशुल्क प्रिमियम तथा नविकरण गरि नागरिकको स्वास्थ्य उपचारमा हुने आर्थिक भार न्यूनीकरण एवम् सर्वव्यापी स्वास्थ्य सेवा पहुँचमा वृद्धि गरिनेछ ।

१०३. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै मानसिक स्वास्थ्य समस्याको रोकथाम, प्रारम्भिक पहिचान, उपचार, पुनःस्थापना र सामाजिक पुनर्एकीकरणलाई प्राथमिकता दिइनेछ ।

१०४. बहुक्षेत्रिय पोषण योजना कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नुका साथै पालिकाका स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था निर्माण गरिनेछ ।

बन्दीपुर अस्पताल तर्फ:-

१०५. अस्पतालमा उपलब्ध श्रोत साधन एवम् जनशक्तिहरुको अधिकतम उपयोग गरी सेवाग्राहीहरुलाई सेवाग्राहीहरुको समय अनुकुलतालाई समेत मनन गरी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहद्वारा उपलब्ध हुने नियमित एवम् स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गतका गुणस्तरीय स्वास्थ्य सेवाहरु निशुल्क

वा कम शुल्कमा आवश्यकता अनुरुप प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवाहरु थप सेवा बिस्तार गरिनेछ ।

१०६. ओ पी डी सेवा विस्तार:

सामान्यतया कार्यालय समय बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म कायम भएको हुँदा ९:०० बजे भन्दा अगाडी २ घण्टा र ५:०० बजेभन्दा पछाडी २ घण्टा सेवा समय बिस्तार गरी "बर्षको ३६५ दिन (शनिबार र सार्बजनिक बिदाका दिनमा समेत) बिहान ७:०० बजे देखि बेलुकी ७:०० बजे सम्म निशुल्क ओ.पि.डी. सेवा संचालन" गरिनेछ । बिशेष गरी चार किसिमका वर्ग:- कर्मचारी बर्ग, बिद्यार्थी बर्ग, ज्याला/मजदुरी गर्ने बर्ग र ब्यापार ब्यबसाय गर्ने बर्गहरु अस्पतालको सामान्य ओ.पी.डी. सेवा ९ बजे देखि ५ बजे सम्म रहँदा कर्मचारीले एक दिनको बिदा लिएर आउनु पर्ने, बिद्यार्थीले एक दिनको पढाई छोडेर आउनुपर्ने, ज्याला/मजदुरले एक दिनको ज्याला छोडेर आउनुपर्ने र ब्यापारीले एक दिन आफ्नो ब्यापार बन्द गरेर आउनुपर्ने अवस्थालाई मध्यनजर गर्दै स्वास्थ्य बीमितहरुलाई स्वास्थ्य बीमा अन्तर्गत नै र अन्यलाई दिवा सेवा समय कै सरह स्वास्थ्य सेवाहरु सेवाग्राहीको अनुकुल समयमा लिन पाईने गरी सेवा समय बिस्तार गरिनेछ । स्वास्थ्य सेवामा सबैको पहुँच बढाउनका लागि अस्पतालमा चिकित्सक तथा स्वास्थ्यकर्मीसंग परामर्श लिनका लागि ओ.पि.डी. सेवा निशुल्क गरिनेछ ।

१०७. सेवा बिस्तार: आगामी आर्थिक बर्षमा अस्पतालमा अपरेशन सेवा, डायलायसिस सेवा, मुटुको ईको सहितको थ्री-डी भिडियो एक्सरे सेवा, फिजियोथेरापी सेवा, डी.आर. मेसिन सहितको एक्सरे सेवा लगायत गुणस्तरीय एवम् अत्याधुनिक प्रबिधि सहितका स्वास्थ्य सेवा बिस्तारका लागि स्वास्थ्य उपकरणहरुको व्यवस्था गरिनेछ । साथै सम्बन्धित सेवाहरु संचालनका लागि आवश्यक दक्ष स्वास्थ्य प्राबिधिक जनशक्तिको व्यवस्था गरिनेछ ।

१०८. सामाजिक सुरक्षा कोषमा सेवाप्रदायक र रोजगारदाताको रुपमा दर्ता गरिनेछ ।

१०९. अस्पतालद्वारा अन्य संघ संस्था र दातृ निकायहरुसंगको समन्वय, सहकार्य र साझेदारीकारणमा सरल सुलभ र समतामुलक ढंगबाट गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसाधारण सेवाग्राहीहरुको सहज पहुँच बढाईनेछ ।

खानेपानी तथा सरसफाई तर्फ:-

११०. बन्दीपुरमा प्लास्टिक झोलाको अनियन्त्रित प्रयोग र यसले वातावतणमा पारेको प्रभवलाई मध्यनजर गर्दै यसको प्रयोगलाई निरुत्साहीत गरी यसको विकल्पमा सपिङ्ग झोलाको प्रयोगलाई प्रथमिकता दिईनेछ ।

१११. बन्दीपुर गाउँपालिका भित्र रहेका खानेपानी संस्थाहरुको विवरण अद्यावधिक डिजिटाइजेशन गर्दै खानेपानि सरसफाई सम्बन्धि योजाना (WASH PLAN) तयार गरि सुरक्षित तथा गुणस्तर खानेपानी वितरण तथा संचालनमा ल्याईनेछ ।

११२. बन्दीपुर गाउँपालिका भित्र संचालनमा रहेका खानेपानी संस्थाहरुको मर्मत संभारका साथै एक घर एक धारा कार्यक्रमलाई तिव्रताका साथ अधि बढाईनेछ ।

११३. वातावरणीय प्रभाव कम गर्ने तथा बजार क्षेत्रबाट निस्कने फोहोरमैलालाई वर्गीकरण गरी विसर्जन गर्ने नीति अवलम्बन गरिनेछ ।

११४. फोहोरलाई पुनः प्रयोग र प्रशोधन गर्न स्रोतमा नै वर्गीकरण गर्ने व्यवस्था मिलाइनेछ। कुहिने फोहोरलाई घरमै कम्पोष्ट मल बनाउन नीति अवलम्बन गरिनेछ।

११५. प्रारम्भिक चरणमा फोहरमैला व्यवस्थापनको लागि प्रत्येक वडा टोल टोलमा विकास संस्था मार्फत पूर्ण सरसफाई अभियानको थालनी गरिने छ। साथै वातावरणमैत्री गाउँपालिका निर्माणको लागि सूचक अनुसार कार्य गरिनेछ। फोहोरको स्रोतमा वर्गीकरण गरी कुहिने फोहरलाई स्रोतमा नै व्यवस्थापन गर्ने र नकुहिने फोहोरलाई पनि पुनःउपयोगमा नआउने लाई मात्र डम्पिङ्ग साइटमा पुर्याइनेछ।

११६. फोहोरमैला न्यूनीकरण सम्बन्धी चेतनामुलक कार्यक्रम बन्दीपुर र डुम्रे लगायत अन्य ठाउँमा सञ्चालन गरिनेछ।

भाषा साहित्य र संस्कृती प्रर्वद्धन तर्फ:

११७. गाउँपालिकाभित्र रहेका मौलिक संस्कृतिहरूको संरक्षण र प्रवर्द्धन गर्न विशेष पहल गरिनेछ। साथै चाडपर्व, सामाजिक रीतिरिवाजलाई भड्किलो नबनाई सामान्यरूपले मनाउन जनसचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

११८. वर्षमा एक पटक पालिकास्तरीय खुल्ला कविता, गजल, वक्तित्वकला एवम्र कला संस्कृती लगायतका साहित्यिक कार्यक्रम आयोजना र प्रवर्द्धन गरिनेछ।

११९. बन्दीपुर गाउँपालिका भित्र रहेका सबैकला, संस्कृती, चाडपर्व, रहनसहन तथा भाषाहरुको सम्मान संरक्षण र सम्वर्द्धन गरी वर्षको एक पटक कला संस्कृती भाषा, भेषभुषा महोत्सव गरिनेछ।

१२०. बन्दीपुर गाउँपालिका भित्रका कला,संस्कृती, साहित्य, भाषा, भेषभुषा, रहनसहन, चार्डपर्व, पर्यटकीय स्थलहरु संरक्षण र प्रर्वद्धन गर्ने खालका पुस्तक, डकुमेन्ट्र तथा बुकलेटहरुको प्रकाशन गरिनेछ।

लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति:

१२१. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति तथा पछाडि पारिएका समुदायको अधिकार सुनिश्चित गर्दै समावेशी र न्यायपूर्ण समाज निर्माण गरिनेछ।

१२२. लैगिक उत्तरदायी बजेट निर्माण गरी सामाजिक समावेशिकरण र सामाजिक विकासका लागी विशेष वजेट विनियोजन गरिनेछ।

१२३. महिलाको आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तिकरणका लागि क्षमता विकास , स्वरोजगार तथा आयआर्जन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१२४. महिला हिंसा, बालविवाह, मानव बेचबिखन, लैङ्गिक विभेद तथा घरेलु हिंसा न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१२५. अपाङ्गता एका व्यक्ति, विपन्न, एकल महिला, असहाय तथा जोखिममा रहेका महिलालाई लक्षित वर्गको उत्थानका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

१२६. महिला समूह, आमा समूह, सहकारी तथा सामुदायिक संस्थालाई स्थानीय विकासमा साझेदार बनाइनेछ। साथै तिनिहरूको सञ्जाल गठन गरिनेछ।

१२७. बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्दै बालअधिकार संरक्षण, बालश्रम न्यूनीकरण तथा बालबिवाह न्युनिकरणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ साथै बाल क्लव तथा बाल संजालहरुलाई सशक्त बनाई बालअधिका तथा कुरीति जन्य प्रथा रोकथामको लागि सक्रिय वनाईनेछ।

१२८. ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा तथा स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२९. अपाङ्गता भएका व्यक्तिको निशुल्क स्वास्थ्य विमा,तथा तथा सार्वजनिक सेवामा सहज पहुँच सुनिश्चित गरिनेछ।

१३०. सामाजिक विकासका कार्यक्रमहरूलाई लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा दिगो विकास लक्ष्यसँग आबद्ध गरी कार्यान्वयन गरिनेछ।

१३१. "समृद्ध समाज, सशक्त महिला र सुरक्षित समुदाय" निर्माण गर्ने लक्ष्यसहित सामाजिक विकास क्षेत्रलाई प्राथमिकतामा राखी बजेट तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

श्रम, रोजगार तथा उधमशिलता विकास तर्फः-

१३२. उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति गरिनेछ। सूचिकृत बेरोजगार व्यक्तिहरु मध्ये प्राथमिकताको आधारमा रोजगार तथा सीप विकास कार्यक्रम, सीप परीक्षण सँगै न्यूनतम एक सय दिनको रोजगारी, कार्यस्थलमा आधारित सीप विकास तालिम सञ्चालन गरिने छ।

१३३. श्रम सीप तथा उद्यमशिलता केन्द्रलाई थप सुदृढीकरण गरी रोजगारदाता र रोजगारी खोज्ने, तालिम लिने र तालिम प्रदायक बीच Bridging तथा job Matching गर्न श्रम संसार प्रणालीको विस्तार ,उपयोग र प्रवर्द्धन गरिनेछ।

१३४. आप्रवासी कामदार तथा तिनीहरू परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिईने छ। जसको लागि संघ तथा प्रदेश सरकारसँगको समन्वय तथा लागत साझेदारीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, सीप अभिवृद्धि, , मनोसामाजिक परामर्श र वित्तीय साक्षरता लगायतका सेवाहरु प्रवाह गरिने छ।

१३५. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैह्रसहकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिईनेछ। रोजगारीका लागि बाध्यताले विदेशिनु पर्ने अवस्थाको अन्त्य गर्न तथा विदेश जानै परेमा सहि सूचना र सीप सिकेर दक्ष जनशक्तिको रुपमा सुरक्षित तवरले वैदेशिक रोजगारीमा जानका लागि रोजगार, सीप तथा उद्यमशिलता मार्फत अभिमूखिकरण कार्यक्रम सञ्चालन, श्रम स्वीकृतमा सहजिकरण गरिनेछ।

१३६. तालिम प्राप्त जनशक्तिलाई श्रम बजारमा सहज रूपमा प्रवेश गराउन तालिमपश्चात Internship, On-the-Job Training (OJT) तथा Apprenticeship कार्यक्रम सञ्चालन गरिनेछ।

१३७. बन्दीपुर गाउँपालिकालाई बालश्रम मुक्त बनाई बालश्रम मुक्त स्थानीय तह घोषणा गरिनेछ।

१३८. स्थानीय स्रोत र सम्भावनामा आधारित उद्यम विकास, उद्यमशीलता तथा सीप विकास तालिम, प्रविधि हस्तान्तरण, वित्तीय पहुँच तथा बजारीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। आवश्यकता र पहिचानका आधारमा स्थापित उद्यमहरूको स्तरोन्नति, प्रविधि हस्तान्तरण उत्पादन विविधीकरण तथा बजार विस्तारमा विशेष जोड दिइनेछ।

१३९. पालिका भित्र उत्पादन भएका वस्तु तथा सेवाको बिक्रि वितरण कार्यका लागि कोशेली घर स्थापना गरिनेछ। स्थानीय उत्पादनको ब्राण्डिङ र ई–मार्केटिङ गरिनेछ।

१४०. सबैका लागि सामाजिक सुरक्षा प्रदान गर्न तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हक कार्यन्वयन गरिनेछ। पालिका भित्र औपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने कार्य अगाडी बढाइनेछ।

१४१. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको ज्ञान, सीप, अनुभव र पूँजीलाई स्थानीय आर्थिक विकासमा उपयोग गर्न "वैदेशिक अनुभवलाई स्वदेशमै अवसर" कार्यक्रम सञ्चालन गरिनेछ।

१४२. बन्दीपुर गाउँपालिका **दक्ष व्यक्तीहरुको प्रोफाईल** बनाईनेछ।

आदरणिय गाउँसभाका सदस्य ज्यूहरु,

३) पूर्वाधार विकास सम्बन्धी नीतिः

१४३. बन्दीपुर गाउँपालिका स्तरीय सडकहरूलाई बाह्रै महिना यातायात संचालन हुन सक्ने गरी सडक स्तरोन्नती र कालोपत्रे गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अभियानका रूपमा संचालन गरिनेछ।

१४४. सडक सञ्जाल विस्तार तथा विकास कार्यलाई व्यवस्थित बनाउन सडक यातायात गुरूयोजना निर्माण गरिनेछ।

१४५. नक्सापास नगरी भौतिक संरचना तथा पर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरितका कार्यलाई निरूत्साहित गर्नुका साथै स्थानीय भवन संहिताको कडाइका साथ पालना गरिनेछ।

१४६. सडक सञ्जाल तथा भौतिक पूर्वाधारको उपलब्ध स्रोत साधनलाई मध्य नजर राख्दै सोको मितव्ययी उपयोग गरी विकासको लाभलाई सम्पूर्ण बन्दीपुर बासीहरूमा समतापूर्ण, न्यायोचित वितरण गर्ने सडक सञ्जाल तथा भौतिक पूर्वाधारहरूको विकास गर्दा क्रमशः बहुसंख्यक जनताले लाभ लिने आयोजनाहरूलाई पहिलो प्राथमिकतामा राखी सञ्चालन गरिनेछ।

१४७. राजमार्गदेखि गाउँपालिका केन्द्र जोड्ने तथा गाउँपालिका केन्द्र देखि वडाकेन्द्र सम्म जोड्ने सडकहरूलाई पहिलो प्राथमिकतामा राखी निर्माण स्तरोन्नती तथा कालोपत्रे गरिनेछ।

१४८. डाडँखोला बुद्धसिंह मार्ग यस वर्ष संचालनमा ल्याइनेछ।

१४९. बन्दीपुर गाउँपालिका भित्र रहेका पूर्वाधारका भावी योजनाहरूको डि.पि.आर तयार गरिनुका साथै सडक लगत कट्टा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

योजना तर्फः

१५०. स्थानीय आवश्यकता, जनसहभागिता, समावेशिता, पारदर्शिता तथा उत्तरदायित्वका आधारमा योजना तर्जुमा, छनोट, प्राथमिकिकरण तथा कार्यान्वयन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१५१. उपभोक्ता समिति गठन, अभिमुखीकरण, वडास्तरीय योजना सम्झौता शिविर, योजना कार्यान्वयन सहजीकरण तथा योजना व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१५२. उपलब्ध स्रोत–साधन तथा बजेटको प्रभावकारी परिचालन गर्दै गुणस्तरीय, दिगो, वातावरणमैत्री तथा परिणाममुखी विकास योजनालाई प्राथमिकता दिइनेछ।

१५३. योजनाको नियमित अनुगमन, मूल्यांकन, गुणस्तर नियन्त्रण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा प्रगति समीक्षा प्रणालीलाई संस्थागत गरिनेछ।

१५४. योजना अभिलेखीकरण, डिजिटल योजना व्यवस्थापन, तथ्यांक अद्यावधिक, सूचना प्रविधिको प्रयोग तथा योजना व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाइनेछ।

१५५. बहुवर्षीय योजना, योजना बैंक निर्माण, आवधिक योजना तथा दिगो विकास लक्ष्यसँग आबद्ध कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

१५६. संघ, प्रदेश, वडा तथा अन्य सरोकारवालासँग समन्वय, सहकार्य र स्रोत साझेदारीमार्फत विकास योजनाको प्रभावकारिता अभिवृद्धि गरिनेछ।

१५७. विकास निर्माण कार्यमा सुशासन, लागत प्रभावकारिता, समयपालना तथा अपेक्षित प्रतिफल सुनिश्चित गर्न उत्तरदायी कार्यान्वयन प्रणाली अवलम्बन गरिनेछ।

१५८. योजना कार्यान्वयनका क्रममा नागरिक गुनासा व्यवस्थापन, सुझाव संकलन तथा सेवा सुधारका संयन्त्रलाई सुदृढ गरिनेछ।

१५९. स्थानीय विकासका आवश्यकता, सम्भावना तथा प्राथमिकताका आधारमा नवप्रवर्तनमुखी, उत्पादनमुखी तथा दीर्घकालीन प्रभाव पर्ने योजनाहरू सञ्चालन गरिनेछ।

उर्जा, लघु तथा साना जलविद्युत तर्फ

१६०. बन्दीपुर गाउँपालिकाका ६ वटै वडाहरूमा आधुनिक स्टिल पोलको व्यवस्थापन गरी विधुतिय सेवा प्रवाहमा दिगोपना कार्य गरिनेछ।

१६१. वैकल्पिक तथा नवीकरणीय उर्जा प्रविधिको प्रयोगलाई प्रोत्साहन गरी उर्जाको विकास र विस्तारका लागि अनुदानको व्यवस्था गरिनेछ।

१६२. बन्दीपुर गाउँपालिका सरकारी तथा सार्वजनिक कार्यालय एवं विधुत खपत हुने आयोजनाहरूमा सौर्य उर्जा प्रणाली जडान गरिनेछ।

१६३. बन्दीपुर गाउँपालिका वडा नं. २ भञ्ज्याङ्ग चौतारा वरपर Wind mill जडान गरी उत्पादित विधुत मणि मुकुन्देश्वरी पर्खालमा सौन्दर्यीकरण गरिनेछ।

सूचना प्रविधि तर्फः

१६४. गाउँपालिकाको वेबसाइट, सामाजिक सञ्जाल तथा अन्य डिजिटल माध्यमहरूलाई नियमित अद्यावधिक गरी सार्वजनिक सूचना तथा सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गरिनेछ।

१६५. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) का सूचकहरूसँग सम्बन्धित विवरण, तथ्याङ्क तथा प्रमाणहरूको समयमै संकलन, प्रमाणीकरण, अभिलेखीकरण तथा प्रणालीमा प्रविष्टि कार्यलाई प्रभावकारी बनाउँदै गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि र कार्यसम्पादन सुधारमा विशेष जोड दिइनेछ।

१६६. कर्मचारीको कार्यसम्पादन, अनुशासन तथा सेवाप्रवाहमा उत्तरदायित्व अभिवृद्धि गर्न विद्युतीय हाजिरी (E-Attendance) प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

१६७. कार्यालयको कार्यसम्पादनलाई छरितो, प्रभावकारी र वातावरणमैत्री बनाउन पेपर लेस (Papper Less) कार्यालय अवधारणाको कार्यान्वयनका लागि आवश्यक व्यवस्था तथा पहल गरिनेछ।

१६८. गाउँपालिकाका गतिविधि, योजना, कार्यक्रम तथा उपलब्धिहरूको प्रभावकारी डिजिटल प्रचारप्रसार गरिनेछ। साथै गाउँपालिका कार्यालय, वडा कार्यालय तथा आवश्यक सार्वजनिक स्थलहरूमा सुरक्षा, निगरानी तथा सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धिका लागि CCTV प्रणालीको विस्तार, स्तरोन्नति, मर्मतसम्भार तथा प्रभावकारी व्यवस्थापन गरिनेछ।

१६९. गाउँपालिकामा सञ्चालनमा रहेका SuTRA, PAMS, LGPAS, योजना व्यवस्थापन प्रणाली, MIS लगायतका विद्युतीय प्रणालीहरूको प्रभावकारी सञ्चालन, व्यवस्थापन तथा उपयोगलाई थप सुदृढ गरिनेछ।

१७०. सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमार्फत गाउँपालिकाको सेवा प्रवाहलाई सरल, छिटो, पारदर्शी, जवाफदेही तथा नागरिकमैत्री बनाइनेछ।

१७१. डिजिटल सुशासनको अवधारणालाई संस्थागत गर्दै गाउँपालिकाका प्रशासनिक, वित्तीय, योजना तथा सेवा प्रवाहसँग सम्बन्धित कार्यहरूलाई क्रमशः विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ।

१७२. गाउँपालिकाका महत्वपूर्ण कागजात, निर्णय, प्रतिवेदन, योजना तथा अभिलेखहरूको डिजिटल अभिलेखीकरण गरी सुरक्षित भण्डारण तथा व्यवस्थापनको व्यवस्था गरिनेछ।

१७३. कार्यालयमा प्रयोग हुने सूचना प्रविधि उपकरण, नेटवर्क तथा इन्टरनेट सेवाको प्रभावकारी व्यवस्थापन तथा आवश्यकताअनुसार विस्तार गरिनेछ।

१७४. कर्मचारी, जनप्रतिनिधि तथा सरोकारवालाहरूको सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप तथा क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१७५. नागरिकका गुनासा, सुझाव तथा सेवा सम्बन्धी जानकारीलाई डिजिटल माध्यमबाट व्यवस्थापन गर्ने प्रणालीको विकास गरिनेछ।

१७६. सूचना प्रविधिको नवप्रवर्तन, आधुनिकीकरण तथा प्रभावकारी प्रयोगमार्फत बन्दीपुर गाउँपालिकालाई क्रमशः स्मार्ट, डिजिटल तथा सुशासनयुक्त स्थानीय सरकारका रूपमा विकास गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।

वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ :

१७७. भू-क्षय र बाढी पहिरो नियन्त्रणका लागि बायो-ईन्जिनियरिङ्गमा ध्यान दिई सडक छेउछाउमा वृक्षरोपण कार्यका साथै खाली जग्गामा वृक्षरोपण गरी हराभरा बनाइनेछ।

१७८. पर्यटकीय नगरि बन्दीपुरलाई प्लाष्टिक रहित परिकल्पनालाई साकार तुल्याइनेछ।

१७९. विपदको समयमा QRT समुह परिचालन गरि राहत, उद्धार तथा पुनस्थापना कार्यलाई प्रभावकारी बनाइनेछ। आगलागी सम्बन्धी चेतनामूलक कार्यक्रम र fire extinguisher व्यवसायिक क्षेत्रहरूमा अनिवार्य गरिनेछ।

१८०. वन तथा वातावरण संरक्षणका योजनाहरू साथै वन डढेलो, चोरी, शिकारी, एवं वन फडानी सम्बन्धी टोल विकास संस्था, सामुदायिक वन, नागरिक समाज, निजी क्षेत्र र गैर सरकारी संघ संस्थाको सहभागितामा ६ वटै वडामा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

१८१. एक घर एक विरूवा अभियान सञ्चालनका लागि प्रोत्साहन गरिनेछ।

१८२. हरियाली र रमणीय गाउँपालिका निर्माण गर्नका लागि वर्षाको समयमा सबै जसो मोटर मार्गको दायाँ बायाँ फूल फूल्ने गोल्ड मोहर जस्ता विरूवा लगाउने तथा संरक्षणका लागि छेकबार लगाई ढकमक्क बनाइनेछ।

१८३. बाढी पहिरो जस्ता विपदलाई न्यूनिकरण गर्न चेतनामूलक कार्यक्रमका साथै बासँ, अमृसो जस्ता बोट विरूवा वृक्षरोपण गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।

१८४. दमकलको मर्मत संभार गरी तयारी हालतमा राखिनेछ।

४) संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धी नीति:

कार्यालय संचालन तथा सेवा प्रवाह तर्फ:

१८५. कर्मचारी र जनप्रतिनिधिहरूको क्षमता विकासको लागि तालिमको व्यवस्था गरिनेछ।

१८६. सबै क्षेत्रका राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च बनाउँदै कामको मूल्याङ्कन गरी सम्मान गरिनेछ।

१८७. भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ। भ्रष्टाचार पूर्णरूपमा समाप्त पारिनेछ।

१८८. कार्यालयबाट प्रदान गरिने सेवा प्रवाह सम्बन्धमा हुने ढिलासुस्ती हटाई समयमै सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

१८९. वित्तिय जोखिम न्यूनिकरणका लागि वित्तिय अनुशासन कायम गरिनेछ।

१९०. बेरूजू न्यूनिकरण गर्न बेरूजू अंकलाई २ प्रतिशतमा झार्न कार्यालयको अभिलेख र प्रतिवेदन प्रणालीलाई चुस्त दुरूस्त बनाइनेछ। बेरूजू फछ्यौटलाई अभियानको रूपमा संचालन गरिनेछ।

१९१. आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागु गरिनेछ। आन्तरिक नियन्त्रणलाई सुदृढ बनाउन आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाइनेछ। आन्तरिक लेखापरीक्षकको क्षमता विकास गरिनेछ।

१९२. आन्तरिक लेखापरीक्षण प्रणालीलाई स्वतन्त्र, स्वायत्त, सबल, वस्तुनिष्ठ एवं सुदृढ बनाइनेछ।

१९३. गाउँपालिकाको आन्तरिक र क्षमता अभिवृद्धिको लागि कर दायराको अध्ययन समयानुकुल बनाइनेछ।

१९४. चालु खर्च कटौती गर्ने र पूँजीगत खर्च बढाउने दिशामा सम्पूर्ण संयन्त्रणको परिचालन गरि फजुल खर्च पूर्ण नियन्त्रण गरिनेछ।

१९५. सेवा प्रवाह सम्बन्धी गुनासो, उजुरी सुन्ने र सुनाउने तथा त्यसको समयमानै समाधान गरी सेवा प्रवाहमा सेवाग्राहीको सन्तुष्टि अभिवृद्धिमा जोड दिइनेछ।

१९६. समयमानै घटना दर्ता गर्ने बानीको विकास गर्ने घटनादर्ता सप्ताह अभियान संचालन गरिनेछ। साथै एकिकृत घुम्ती शिविर संचालन गरिनेछ।

राजश्व तर्फ:

१९७. राजश्व संकलन कार्यलाई सुत्र राजश्व प्रणालीमा अनिवार्य आवद्ध गराई गाउँपालिकाको आन्तरिक आयलाई

दिगो, भरपर्दो, प्रविधिमैत्री, पारदर्शी र उत्तरदायी बनाइनेछ ।साथै सम्पुर्ण करदाताको अभिलेखलाई सुत्र प्रणालीमा आवद्ध गराईनेछ ।

१९८. करदाता शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालनमा जोड दिई कारदाता मैत्री राजश्व नीति अवलम्बन गरिनेछ ।

१९९. गाउँपालिका भित्र रहेका कर योग्य क्षेत्र र करको दायरामा नआएका संघ, संस्था, व्यापारीक क्षेत्रहरु एवम् सडक घुम्ति व्यापारीहरुलाई करको दायरामा ल्याई करको दायरा फराकिलो बनाइनेछ । साथै संस्था दर्ता नविकरण अभियान संचालन गरिनेछ ।

२००. प्रत्येक वडाहरुमा कर अभियान सञ्चालन गरी करदातालाई सहज, सरल र छिटो सेवा प्रवाह गरी राजश्व संकलन कार्यलाई नियमितता दिईनेछ ।

२०१. स्वयं कर घोषणा प्रणालीलाई प्रोत्साहन गरी करदाता शिक्षालाई प्रभावकारी बनाईनेछ र असल करदातालाई पुरस्कृत गरिनेछ र कल छलि गर्नेलाई कानुन बमोजिम कारबाही गरिनेछ ।

२०२. कर प्रक्रियालाई सरलीकृत गर्दै सुत्र राजश्व प्रणालीलाई प्रभावकारी र सुदृढिकरण बनाउन कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न तालिम सञ्चालन गरी सुदृढ राजश्व प्रशासनको सुनिश्चितता गरिनेछ ।

२०३. राजश्व चुहावट नियन्त्रणका लागि नियमित बजार अनुगमन तथा निरीक्षण कार्य विभिन्न निकायहरुको समन्वयमा संचालन गरिनेछ ।

२०४. स्थानीय स्रोत, साधन तथा सम्पत्तिको प्रभावकारी परिचालन गरी राजश्व संकलन वृद्धि गरिनेछ ।

२०५. व्यवसाय दर्ता, नवीकरण तथा कर भुक्तानी प्रक्रियालाई सरल, पारदर्शी र सहज बनाइनेछ ।

२०६. राजश्व प्रशासनलाई प्रभावकारी बनाउन राजश्व सुधार कार्ययोजनालाई कार्यान्वयन गरिनेछ ।

न्यायिक समिति तर्फः

२०७. प्रत्येक वडाबाट न्यायिक सेवामा सहज पहुँच सुनिश्चित गर्न न्यायिक समितिमा दर्ता भएका उजुरीहरूको समयमै सुनुवाइ तथा फछर्यौट गरि अभिलेखीकरण तथा व्यवस्थापन प्रणाली सुदृढ गरिनेछ ।

२०८. विवाद समाधानको पहिलो विकल्पको रूपमा मेलमिलापलाई प्रभावकारी बनाउन मेलमिलापकर्तालाई प्रोत्साहन/पुरस्कारको व्यवस्था गरिनेछ ।

२०९. सामुदायिक मेलमिलाप केन्द्रहरूको सुदृढीकरण गरि मेलमिलाप मार्फत समाधान भएका विवादहरूको अनुगमन गरिनेछ ।

२१०. मेलमिलाप सम्बन्धी र स्थानीय कानून तथा न्यायिक प्रक्रियाबारे जानकारी गराउन कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२११. पीडितमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिई महिला तथा बालबालिका सम्बन्धी विवादहरूको संवेदनशील ढंगबाट व्यवस्थापन गर्ने र घरेलु हिंसा, लैङ्गिक विभेद तथा सामाजिक बहिष्करण विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२१२. न्यायिक समिति पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरूका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरि न्यायिक निर्णय लेखन, अभिलेख व्यवस्थापन तथा कानुनी प्रक्रिया सम्बन्धी

क्षमता विकास गरिनेछ।

२१३. न्यायिक समितिको संस्थागत सुदृढीकरणका लागि आवश्यक स्रोतसाधनको व्यवस्था गरिनेछ।

२१४. न्यायिक समितिको कार्यसम्पादनलाई पारदर्शी, उत्तरदायी तथा नतिजामुखी बनाइनेछ।

२१५. उजुरी दर्ता, सुनुवाइ तथा निर्णयको नियमित अभिलेख राखि वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गरिनेछ।

५) विविधः-

२१६. भूमि प्रशासन कार्य(नापी र मालपोत कार्यालय) यस बन्दीपुर गाउँपालिकाबाट संचालन गरिनेछ।

२१७. भूमिहिन, दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरूको बसोबास र जिवन पद्धती व्यवस्थित गर्न संविधान र कानुनले प्रदान गरेको अधिकार प्राप्तीमा प्रथम चरणमा भूमिहिन दलित र भूमिहिन सुकुम्वासीहरूको जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण कार्य प्राथमिकतामा राखी अघि बढाइनेछ।

२१८. सार्वजनिक जग्गा संरक्षण गरी अतिक्रमणलाई पूर्ण नियन्त्रण गरिनेछ।

२१९. जनताको गुनासो सुन्न "हेलो अध्यक्ष कार्यक्रम"संचालन गरिनेछ।

२२०. टुडिखेल लगायतका पार्कको विकास गरी यस्ता अन्य पार्कहरूको व्यवस्थापन संरक्षण र उपयोग गरी पालिकाको राजस्व बढोत्तरी गरिनेछ।

२२१. पुष्प व्यवसायको प्रवर्द्धन गर्दै प्रत्येक घरमा विशेष प्रजातिका फूल बगैचाको रूपमा विकास गर्ने नीतिलाई प्रभावकारी बनाइनेछ।

२२२. कला साहित्य खेलकुद लगायत बन्दीपुरको समृद्धिमा योगदान गर्ने नागरिकलाई अभिनन्दन तथा सम्मान कार्यलाई निरन्तरता दिइनेछ।

२२३. स्थानीय गुठीयार वा टोल विकास संस्था मार्फत सार्वजनिक निजी साझेदारी अवधारणा अनुरूप सांस्कृतिक सम्पदाको संरक्षण, मर्मत सम्भार आदिको व्यवस्थापन गरिनेछ।

आदरणीय गाउँसभाका सदस्यज्यूहरु,

अन्तत,

"पर्यटन, कृषि, शिक्षा र पूर्वाधार समृद्ध बन्दीपुर निर्माणको मूल आधार" भन्ने मुल नारा लाई स्थापित गर्न यो नीति तथा कार्यक्रमको महत्वपूर्ण योगदान रहने विश्वास लिएको छु। सबल र समृद्ध गाउँपालिका निर्माणमा साथ दिनुहुने सम्पूर्ण बन्दीपुर बासी, नेपाल सरकार, गण्डकी प्रदेश सरकार, राजनीतिक दल, विकास साझेदार संस्था, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सञ्चार माध्यम , सुरक्षाकर्मी, नागरिक समाज, गैह्र सरकारी संघ संस्था वर्तमान र निवर्तमान जनप्रतिनिधिहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा यहाँहरुको रचनात्मक तथा सक्रिय सहयोगको अपेक्षा गर्दछु। धन्यवाद !!

सुरेन्द्र बहादुर थापा
अध्यक्ष
२०८३ असार १०

"पर्यटन, कृषि, शिक्षा र पूर्वाधार, समृद्ध बन्दीपुर निर्माणको मूल आधार"

बन्दीपुर गाउँपालिकाको १९ औँ गाउँसभामा

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् उपाध्यक्ष श्री पञ्च माया गुरुङद्वारा प्रस्तुत

वार्षिक बजेट तथा कार्यक्रम

आ.व. २०८३/०८४

बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बन्दीपुर, तनहुँ

गण्डकी प्रदेश, नेपाल

आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम

सभाध्यक्ष महोदय,

सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु

यस गरिमामय सभामा बन्दीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक विकास कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा मैले आफुलाई गौरव महशुस गरेको छु।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक राज्य प्रणाली, नेपाल सरकार, गण्डकी प्रदेश सरकार, आर्थिक वर्ष २०८३/०८४ को लागि तर्जुमा भएको नीति तथा कार्यक्रम, आवधिक योजना, २० वर्षे गुरुयोजना, दिगो विकासका लक्ष्य, मध्यकालीन खर्च संरचनालाई आधार मानेको छु।

बजेट निर्माणका क्रममा बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, विषयगत समिति तथा टोल बस्तीका योजना सङ्कलनका क्रममा प्राप्त भएका राय तथा सुझाव तथा प्राप्त आयोजना र कार्यक्रमलाई सम्बोधन हुने कार्यक्रम बजेटमा समेटिएका छन्। विगतका वर्षहरूमा हासिल भएका उपलब्धिहरुलाई संस्थागत गर्दै विकासका थप आधारशिला खडा गर्न बजेट केन्द्रित गरेको छु।

बजेट तर्जुमा गर्दा स्थानीय स्रोत र साधनको परिचालन गरी सेवा उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना कार्यक्रममा केन्द्रित भएको छु।

सभाध्यक्ष महोदय,

अब म बन्दीपुर गाउँपालिकाको चालु आर्थिक वर्षमा हासिल गरेका मुख्य मुख्य उपलब्धीहरुलाई बुदागत रुपमा संक्षिप्त प्रस्तुत गर्ने अनुमती चाहन्छु।

१. पुर्वधार विकास तथा सडक यातयात तर्फ

- चालू आ.व.२०८२/०८३ गाउँपालिका स्तरीय योजना ११३ र वडा स्तरीय योजना १०२ वटा आयोजनाहरु सम्झौता भई सम्पन्न हुने अवस्थामा रहेका छन्।
- पिप्ले आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई ५ शैयाको डुम्रे आधारभुत अस्पतालमा स्तरोन्ती गरिएको छ।
- बन्दीपुर अस्पतालको नयाँ भवनको पहिलो तल्लाको निर्माणकार्य सम्पन्न गरि सेवा विस्तारको लागि तयारी भएको छ।
- १२ वटा सिचाई कुलोको निर्माण कार्य सम्पन्न भएको छ।
- एतिहासिक तथा पुरातात्विक सम्पदाहरुको सँरक्षण तथा पुननिर्माण गरिएको छ।
- पालिका भित्र ४.५ कि.मि. नयाँ सडक, १० कि.मि सडक मर्मत सम्भार र ५ कि.मि. पक्की सडकको निर्माण कार्य सम्पन्न भएको छ।

भूमि व्यवस्थापन तर्फ

- भूमि व्यवस्थापन तर्फ जम्मा २५५९ कित्ता (५३५.१५- हेक्टर) नापजाँच भएको छ।

२. सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समुह):

शिक्षा, युवा तथा खेलकुद तर्फ:

- उत्कृष्ट शिक्षक, विद्यार्थी तथा विद्यालय सम्मान कार्यक्रम सञ्चालन।
- आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षाका लागि विद्यालयस्तरीय परीक्षाको व्यवस्थापन तथा सञ्चालन।
- शैक्षिक प्रदर्शनी, महोत्सव तथा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिएको।
- स्वयंसेवक शिक्षक व्यवस्थापन मार्फत विषयगत शिक्षक अभाव न्यूनीकरण गरिएको।
- दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्य सम्पन्न भएको।
- शिक्षक मेन्टरिङ कार्यक्रममार्फत नव नियुक्त शिक्षकको पेशागत विकास।
- राष्ट्रपति रनिङ शिल्ड, अध्यक्ष कप लगायत विभिन्न खेलकुद कार्यक्रम सञ्चालन।
- गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति व्यवस्थापन।

स्वास्थ्य तर्फ:

- बन्दीपुर अस्पतालमा व्यक्ति तथा विभिन्न साझेदारी संघ संस्थाहरुबाट ल्याब सम्बन्धी औजार तथा उपकरणहरु प्राप्त भई विभिन्न परिक्षण तथा सेवा थप भएको।
- एकीकृत विशेषज्ञ स्वास्थ्य शिविर, मोतियाविन्दु शल्यक्रिया तथा स्क्रिनिङ, पाठेघरको मुखको क्यान्सर र मुटुरोग स्क्रिनिङ शिविर सञ्चालन गरी १,८५० भन्दा बढी नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ।
- स्वास्थ्य उपचारमा आर्थिक भार न्यूनीकरण कार्यक्रम अन्तर्गत २५८ घरपरिवारलाई निःशुल्क स्वास्थ्य बीमा उपलब्ध गराइएको छ।
- १५ महिनासम्मका १६३ जना बालबालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न गरिएको छ।
- गर्भवतीसँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत ९० जना गर्भवतीलाई निःशुल्क रक्त परीक्षण, १२० पटक भिडियो एक्स–रे सेवा तथा ३२ जनालाई पोषण खर्च प्रदान गरिएको छ।
- समुदाय स्वास्थ्य प्रवर्द्धन कार्यक्रममार्फत स्वास्थ्य सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।
- गरिब, असहाय, दीर्घरोगी, गर्भवती तथा बेवारिसे सहित ६८ जनालाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ, जसमा २९ जना प्रसूति जटिलता भएका गर्भवतीलाई थप उपचारका लागि निःशुल्क रेफरल सेवा उपलब्ध गराइएको छ।

महिला, बालबालिका तथा जेष्ठ नागरिकः

- महिला हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन।
- जीविकोपार्जन सुधार कार्यक्रममार्फत २८ जनालाई मौरीपालन तालिम तथा वस्तुगत टेवा पूँजी उपलब्ध।
- बालविवाह तथा महिला हिंसा न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न।
- पालिकास्तरीय बाल सञ्जाल गठन।
- ५० जना अपाङ्गता भएका व्यक्तिहरूलाई हिंसा न्यूनीकरण सम्बन्धी अभिमुखीकरण प्रदान।

न्यायिक समिति तर्फः

- न्यायिक समितिमा १३ वटा विवाद सम्बन्धी उजुरी दर्ता भएकोमा ११ वटा फछर्योट भई २ वटा प्रक्रियामा रहेको।
- साथै २४ जना मेलमिलापकर्ताहरुलाई ८ दिने मेलमिलाप सम्बन्धी आधारभुत तालिम सम्पन्न गरिएको छ।

३. आर्थिक विकास तर्फः

कृषि तर्फः

- शतप्रतिशत अनुदानमा मसुरो तथा तोरीको बीउ वितरण गरिएको।
- ५० प्रतिशत अनुदानमा आलु तथा धानको बीउ वितरण गरिएको।
- मागमा आधारित ३ दिने आधुनिक मौरीपालन तालिम सञ्चालन सम्पन्न गरिएको।
- साना सिँचाइ, कृषि यान्त्रीकरण तथा कफी विकास कार्यक्रम कार्यान्वयन सम्पन्न भएका छन।
- किसान सूचीकरण कार्यक्रम अन्तिम चरणमा रहेको
- मध्यपहाडी मकैबाली प्रवर्द्धन कार्यक्रम सम्पन्न रहेको छ।

पशुपंक्षी तर्फ

- गाउँपालिकाका सबै वडामा पशुवस्तुको पूर्ण खोप कार्यक्रम सम्पन्न।
- विश्व रेबिज सप्ताह तथा जुनोटिक रोग सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन।
- पशु उपचार, कृत्रिम गर्भाधान, प्रयोगशाला, प्राविधिक सेवा, खोप तथा औषधि वितरण सेवा निरन्तर सञ्चालन।
- ५०% अनुदानमा २,६५० के.जी. हिउँदे जै घाँसको बीउ वितरण।
- पाँचौँ राष्ट्रिय बाख्रा दिवस विभिन्न निकायको सहकार्यमा सफलतापूर्वक सम्पन्न।
- विश्व दूध दिवसको अवसरमा ३२० लिटर दूध वितरण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन।

पर्यटन तर्फ

- ग्रामीण पर्यटन बिकासका लागि ग्रामीण सामुदायीक होमस्टेको सर्किट बिकास गरिएको।

- सहासिक खेल अन्तर्गत बन्दीपुर साईकलिङ्क म्याप तयार।
- बन्दीपुरको आधिकारीक पर्यटकिय नक्सा निर्माण।
- नमुना सामुदायीक होमस्टे प्रबर्धनका लागि ३ वटा ग्रामीण होमस्टेलाई सौन्दर्यीकरण गरिएको।
- पर्यटन पूर्वाधार बिकासमा बिभिन्न पार्क तथा एतिहासीक मठमन्दिरको मर्मत तथा पुन निर्माण गरिएको।

सीप, रोजगार तथा उद्यमशिलता तर्फ:-

- सूचीकृत ३५ जना श्रमिकलाई औसत ५० दिनको न्यूनतम रोजगारी प्रदान गरिएको छ।
- २०० जनालाई सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण तथा ६० जनालाई वित्तीय साक्षरता तालिम सञ्चालन भएको छ।
- ३० जनालाई मनोसामाजिक परामर्श सेवा तथा ३७० जनालाई वित्तीय साक्षरता अभिमुखीकरण प्रदान गरिएको छ।
- ६० जनालाई उद्यमशीलता विकास तालिम तथा बाँसका हस्तकला र तानको झोला बनाउने सीपमूलक तालिम सञ्चालन।
- उद्यमीहरूका लागि अध्ययन अवलोकन भ्रमण सम्पन्न।
- कन्ट्रक्सन मेसन, प्लम्बर तथा वेल्डरको सीप परीक्षण कार्यक्रम सञ्चालन।
- २० जनालाई बेकरी र ४० जनालाई वारिष्टा तालिम प्रदान।
- सीपयुक्त जनशक्तिको रोजगारी पदस्थापनका लागि रोजगारदातासँग सम्झौता सम्पन्न।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि उद्यमशीलता विकास तालिम सञ्चालन।

४. सुशासन तथा संस्थागत विकास

- यस गाउँपालिकाले गत आ.व को स्थानीय शासन कार्यसम्पादन मुल्याँकन प्रणाली (LGPAS) मा ७०.९ प्रारम्भिक अंक प्राप्त गरेको छ।
- यस आर्थिक वर्षमा राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि भएको छ।
- पालिबाट सम्पादित कार्यहरुको नागरिकलाई सूचित गराउन तथा नागरिकका राय सुझाव संलग्नका लागि यस आर्थिक वर्षमा ३ वटा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन भएका छन्
- गाउँपालिका अन्तर्गतका विभिन्न विषयगत शाखाबाट सम्पादित कार्यहरुको प्रगति विवरण प्रत्येक त्रैमासिकमा गाउँपालिकाको बेभ साइटमा स्वत: प्रकाशन गरिएको छ।
- गाउँपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरुको अनुगमन तथा निरीक्षणका साथै पालिका, वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुबाट नागरिकलाई सर्वसुलभ र सहज रुपमा सेवा प्रवाह गरिएको छ।

सभाध्यक्षज्यू,

अब म गत आ.व. २०८१/०८२ को यथार्थ आम्दानी र खर्चको विवरण प्रस्तुत गर्न चाहन्छु।

आम्दानी तर्फको:

संघीय सरकारबाट

समानिकरण अनुदान	७ करोड ९८ लाख ३१ हजार २ सय
राजस्व बाँडफाड	७ करोड ९६ लाख ४३ हजार ९ सय ४५ रुपैया ५५ पैसा मात्र
ससर्त अनुदान चालु	१८ करोड ७३ लाख २३ हजार ४ सय ७२ रुपैया ४० पैसा
ससर्त अनुदान पूँजिगत	१ करोड ६४ लाख ५ हजार ८ सय
समपूरक अनुदान	५६ लाख ४ हजार सय
विशेष अनुदान	०
जि.स.स. मौज्दात कोष	०
जम्मा: ३६ करोड ८८ लाख ८ हजार ७ सय १७ रुपैया ९५ पैसा	

प्रदेश सरकारबाट

समानिकरण अनुदान	१ करोड ९ लाख ८७ हजार
राजस्व बाँडफाड	१ करोड ६ हजार ९७ रुपैया ५ सय
ससर्त अनुदान	०
समपूरक अनुदान	४० लाख ५ हजार
विशेष अनुदान	२६ लाख २५ हजार
जम्मा : २ करोड ८३ लाख १४ हजार ५ सय मात्र।	

व्यय तर्फ:

चालु खर्च तर्फ	२६ करोड १७ लाख ७८ हजार ६ सय ८६ रुपैया ८२ पैसा
पूँजीगत तर्फ	१४ करोड ५० लाख ५९ हजार ७ सय ११ पैसा
कूल खर्च ४० करोड ६८ लाख ३८ हजार ३ सय ८६ रुपैया ९३ पैसा।	

अब म चालु आ.व. २०८२/८३ को यथार्थ आय र व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।

हाल सम्म प्रस्तावित आय अनुमानका विभिन्न शिर्षकहरुबाट **रु. ४१ करोड ७१ लाख** वास्तविक आम्दानी हुन गएकोमा ।

खर्च तर्फ चालु तर्फ	रु.२४ करोड ८४ लाख ९४ हजार
पूँजीगत तर्फ	रु. ९ करोड २१ हजार
हाल सम्मको कूल खर्च रु ३३ करोड ८५ लाख १५ हजार मात्र ।	

अध्यक्ष महोदय

बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका मूलभूत मार्गदर्शनहरु:

१. नेपालको संविधान
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
४. आवधिक योजनाका नीति, सिद्धान्त तथा दिगो विकासका लक्ष्यहरु
५. संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु
६. स्थानीय तहको बजेट तर्जुमा लागि राष्ट्रिय योजनाले जारी गरेको दिग्दर्शन
७. यस सभामा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

अध्यक्ष महोदय

अब म आर्थिक वर्ष २०८३/०८४ को बजेटका उद्धेश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

बजेटका उद्धेश्यहरु

- स्थानीय स्रोत, सीप र पूँजीको अधिकतम परिचालन गरी समृद्ध बन्दीपुर निर्माण गर्नु ।
- दिगो विकास लक्ष्य प्राप्त एंव कृषि तथा पर्यटन पूर्वधारको विकास मार्फत उत्पादनशिल रोजगारी सृजना गर्नका लागि निजी, सरकारी, गैर सरकारी र सहकारी क्षेत्रसँगको साझेदारीमा जोड दिनु ।
- सुशासन, पारदर्शिता, उत्तरदायित्व र सूचना प्रविधिमैत्री सेवा प्रवाहमार्फत जनविश्वास अभिवृद्धि गर्नु ।
- गुणस्तरीय र प्रविधिमैत्री शिक्षा, स्वास्थ्य, खानेपानी तथा सामाजिक सुरक्षामा नागरिकको पहुँच विस्तार गर्नु ।
- सुशासनलाई प्रवर्द्धन गर्दै सेवा प्रवाहलाई सरल, सहज र पारदर्शी एवं सूचना प्रविधीमैत्री तुल्याउनु ।
- कृषि, पर्यटन, उद्योग तथा उद्यमशीलताको विकासमार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउनु ।
- सबै प्रकारका रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउनु ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण रोक्ने, संरक्षण गर्ने र उत्पादनशील उपयोग गर्नु ।
- सामाजिक समावेशीकरण, लैङ्गिक विकास र सहभागितामूलक विकासका माध्यमवाट समतापूर्ण समाजको निर्माण गर्नु, र
- वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउनु ।

बजेटका प्राथमिकता देहाय बमोजिम रहेका छन ।

- बन्दीपुरलाई प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गरि ग्रामीण पर्यटनको विस्तार गर्ने ।
- पर्यटनसँग सम्बन्धित सीप विकास तथा रोजगारी सिर्जना गर्ने ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरि आय आर्जनको प्रमुख स्रोतको रुपमा विकास गरि ग्रामिण अर्थतन्त्रको सबलिकरण गर्ने ।
- उत्पादनमा आधारित अनुदान तथा बजार व्यवस्थापन, कृषि यान्त्रीकरण र प्रविधि हस्तान्तरण गर्ने ।
- बन्दीपुरबासी सबै घरधुरीहरुमा आधारभूत खानेपानीको पहुँच स्थापित गर्दै स्वच्छ, सफा खानेपानी आम नागरिकका घरधुरीमा पुर्याउने ।
- सबै नागरिकमा आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने ।
- सडक सञ्जाल विस्तार एंव पालिका भित्रका सडकहरुको स्तर उन्नती गर्दै बाह्रै महिना सडक यातायात सञ्चालन हुने व्यवस्था मिलाउने ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधार प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्ने ।
- डिजिटल तथा सूचना प्रविधि पूर्वाधार विस्तार गर्ने ।
- स्टार्ट अप तथा नवप्रवर्तन कार्यक्रम सञ्चालन गर्ने ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको पुनःएकीकरण तथा उद्यम प्रवर्द्धन ।
- विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी गर्ने ।
- वन संरक्षण, हरियाली प्रवर्द्धन तथा फोहोरमैला व्यवस्थापन गर्ने ।
- गुणस्तरीय, जवाफदेही र प्रतिस्पर्धी मावनस्रोत विकास गर्ने ।
- लैङ्गिक तथा सामाजिक समावेशीकरण ,महिला सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- संस्थागत विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाह गर्ने

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्षको लागि क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८३/८४ को लागी

संघीय सरकारबाट प्राप्त हुने शसर्त अनुदान

चालु	१९ करोड ५२ लाख
पुँजीगत	५५ लाख
विशेष अनुदान	१ करोड ५० लाख
समपूरक अनुदान	१ करोड ७५ लाख
वित्तीय समानिकरण अनुदान	९ करोड ६ लाख
राजस्व बाँडफाड	८ करोड ८९ लाख ३६ हजार
जम्मा ४१ करोड २७ लाख ३६ हजार बजेट सुनिश्चितता भएको छ ।	

गण्डकी प्रदेश सरकारबाट

वित्तीय समानिकरण अनुदान	१ करोड १० लाख ३४ हजार
समपुरक अनुदान	६० लाख
सवारी साधन कर	१ करोड २१ लाख ९६ हजार १ सय ३६ रुपैया ३० पैसा
घर जग्गा रजिष्ट्रेशन शुल्क	
विशेष अनुदान पूँजिगत	४० लाख
जम्मा रु.३ करोड ३२ लाख ३० हजार १ सय ३६ रुपैया तिस पैसा बजेट सुनिश्चितता भएको छ।	

आन्तरिक आय तर्फ

गत आर्थिक वर्षको नगद मौज्दात	१७ करोड
बन्दीपुर गाउँपालिका तथा बन्दीपुर अस्पताल समेतको कर र गैरकर राजस्व	६ करोड १६ लाख ६५ हजार ४ सय ३३ रुपैया
घर जग्गा रजिष्ट्रेशन शुल्क (भूमि व्यवस्था कार्यालयबाट प्राप्त)	४० लाख
विज्ञापन कर	२ लाख ६९ हजार २ सय ८० रुपैया
दहत्तरबहत्तर	१० लाख ८० हजार
अन्य (जनसहभागिता)	४० लाख
जम्मा रु.२४ करोड १९ लाख १४ हजार ७ सय १३ रुपैया अनुमान गरेको छु।	

यसरी समग्रमा

आ.व. २०८३/८४ को लागी संघीय सरकार, प्रदेश सरकार र आन्तरिक स्रोत गरी	रु. ६४ करोड ३८ लाख ८० हजार ८ सय ४९ रुपैया ३० पैसा
अनिवार्य दायित्व	रु. ४ करोड
लागत सहभागिता	रु.४० लाख
कुल स्रोत अनुमान रु. ६८ करोड ७८ लाख ८० हजार ८ सय ४९ रुपैया ३० पैसा पेश गरेको छु।	

१. **पूर्वधार विकास तर्फ**: यस क्षेत्रको समग्र विकासका लागि रु **१३ करोड १२ लाख ८३ हजार २ सय असि रुपैया ३० पैसा** विनियोजन गरेको छु।

जसमा...

- डुम्रे आधारभुत अस्पताल सेवा सञ्चालनका लागि रु १ करोड रुपैंया आवश्यक बजेटको व्यवस्था गरेको छु।
- मणिमुकुन्देश्वरी पदमार्ग (मिनि ग्रेटवाल) को लागि रु. **१ करोड** वजेट विनियोजन गरेको छु।

- बन्दीपुर अस्पतालको निर्माणकार्य सम्पन्न तथा सेवा सुदृढिकरणको लागि रु.१ करोड ५० लाख रुपैया बजेट विनियोजन गरेको छु।
- भूमि बैंक स्थापनाका लागि १० लाख बजेटको व्यवस्था गरेको छु।
- एकिकृत बस्ति विकास कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु
- सेराटार –सुखौरा- चिसापानी- हटिया सडक खण्ड ४.५ किलोमिटर पिचको लागि २ करोड ५० लाख रकम विनियोजन गरेको छु।
- बन्दीपुर र डुम्रे बजारलाई स्मार्ट बजारको रुपमा विकास गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।
- कुकुर्दी-सिमलटार, झारगाउँ-तिलाहार , ढाप्रे मोटरमार्ग , धरमपानी-साराङघाट सलगायत गाउँपालिका अन्तरगतका सडक स्तरउन्नती तथा मर्मत जस्ता विभिन्न योजनाहरुलाई आवश्यक रकम विनियोजन गरेको छु।

२. **आर्थिक विकास तर्फ:**

यस क्षेत्रको समग्र विकासका लागि **रु २ करोड ९५ लाख** रुपैया विनियोजन गरेको छु। जसबाट...

- डिजिटल करदाता अभिलेख, घुम्ति शिविर कार्यक्रम संचालन करदाता शिक्षा कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- एक पालिका एक भेटेरिनरी डाक्टरको निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- सहकारीमा आवद्ध किसानलाई दुधमा प्रतिलिटर २ रुपैया अनुदान कार्यक्रम निरन्तरताको लागि **रु. ३५ लाख** विनियोजना गरेको छु।
- उत्पादनमा आधारित अनुदान कार्यक्रमको व्यवस्था गरेको छु।

रोजगार सीप तथा उद्यमशिलता तर्फ

- राष्ट्रिय रोजगार कार्यक्रम, लघु उद्यम विकास तथा सुरक्षित आप्रवासन कार्यक्रम (सामी) का लागि **रु.३७ लाख १ हजार** बजेट विनियोजन गरेकोछु।
- उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूतिका लागि आवश्यक बजेटको व्यवस्था गरको छु।
- गाउँपालिका अन्तरगत विभिन्न शाखा तथा कार्यक्रममा कार्यरत कर्मचारीहरुलाई **योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध** गर्न आवश्यक बजेटको व्यवस्था गरेकोछु।
- पालिका भित्र उत्पादन भएका वस्तु तथा सेवाको बिक्रि वितरणका लागि कोशेली घर/ साझा उद्यम घरको स्थापना तथा सँचालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको ज्ञान, सीप, अनुभव र पूँजीलाई स्थानीय आर्थिक विकासमा उपयोग गर्न विशेष कार्यक्रम सँचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेकीछु।
- गाउँपालिका भित्र मौरीपालन, मुसुरो तोरी खेती,च्याउखेती, मकैबाली प्रवर्द्धन, व्यवसायिक फलफुल खेती

प्रवर्द्धन, विउ विजन वितरण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

- बन्दीपुर गाउँपालिमा धर्म, सँस्कृती ,भेषभुषा, कला र साहित्यको सँरक्षण र प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३. **सामाजिक विकास तर्फ**:

यस क्षेत्रको समग्र विकासका लागि **रु.९ करोड ३८ लाख** रुपैया विनियोजन गरेको छु।

जसमा...

- शिक्षा, युवा तथा खेलकुद क्षेत्रको समग्र विकास, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री सिकाइ, विद्यार्थीको प्रतिभा विकास तथा खेलकुद प्रवर्द्धनलाई प्राथमिकतामा राखी **रु.२ करोड** बजेट विनियोजन गरिएको छु।
- गुणस्तरीय शिक्षाको सुदृढीकरणका लागि कम्प्युटर शिक्षक अनुदान, स्वयंसेवक शिक्षक व्यवस्थापन, विद्यालय तथा कक्षाकोठा अनुगमन/सुपरिवेक्षण कार्यक्रम सञ्चालनका लागि रु ४६ लाख ५० हजार रुपैया छुट्टाएको छु।
- प्रविधिमैत्री तथा सीपमूलक शिक्षाको विकासका लागि विद्यालयमा डिजिटल सिकाइ विस्तार गर्न **Smart Board व्यवस्थापन तथा सञ्चालनका लागि रु. ९ लाख** तथा **एक माध्यमिक विद्यालय एक सीप कार्यक्रमका लागि रु. ३ लाख** विनियोजन गरेको छु।
- विद्यार्थीको प्रतिभा, सिर्जनशीलता र नेतृत्व विकासका लागि विषयगत शैक्षिक प्रदर्शनी तथा महोत्सवमा **रु.५लाख**, विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालनमा **रु. २ लाख**, विद्यार्थी प्रतिभा पहिचान कार्यक्रममा **रु. १ लाख ५० हजार** तथा शिक्षक-विद्यार्थी मोटिभेसन कार्यक्रममा **रु.२ लाख** बजेट व्यवस्था सहित शिक्षक तालिम ,शिक्षक विद्यार्थी सम्मान र नमुना विद्यालय अवलोकनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु|
- शिक्षामा पहुँच र समावेशिता अभिवृद्धि गर्न विद्यालय बस व्यवस्थापनका लागि **रु. ६० लाख**, गरिब तथा जेहेन्दार छात्रवृत्ति व्यवस्थापनका लागि **रु. ५ लाख** तथा आवश्यकता अनुसार छात्रावास सहित अतिरिक्त कक्षा सञ्चालनका लागि **रु. ८ लाख** बजेट विनियोजन गरेको छु।
- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन, विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याई टिकाइ राख्ने तथा परीक्षा प्रणालीलाई व्यवस्थित, मर्यादित र विश्वसनीय बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।
- त्यसैगरी, युवा तथा खेलकुद क्षेत्रको विकासका लागि जिल्ला तथा पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा रु. १० लाख, अध्यक्ष कप तथा अन्य खेलकुद कार्यक्रममा रु. १८ लाख, बजेट व्यवस्था गरेको छ।
- विद्यालय बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई गाउँपालिकाबाट थप भएको तलब भत्तालाई गत आर्थिक वर्ष अनुसार नै निरन्तरता दिएको छु|

- सामुदायिक विद्यालयका विद्यार्थीको लागि दिवा खाजा,छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याड नि:शुल्क पाठयपुस्तक लगायतको कार्यक्रमलाई निरन्तर दिएको छु |
- बन्दीपुर गाउँपालिका अन्तर्गतका अस्पताल एवम् स्वास्थ संस्थाहरुमा आधारभुत तथा आकस्मिक अवस्थामा औषधी तथा औषधीजन्य सामाग्रीहरुको खरिद तथा व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- बन्दीपुर अस्पतालको पूर्वाधार निर्माण, सेवा सुदृढीकरण तथा व्यवस्थापनका लागि **रु. १ करोड ५० लाख** विनियोजन गरेको छु तथा डुम्रे आधारभूत अस्पताल सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- बन्दीपुर अस्पतालमा वर्षभर नि:शुल्क ओ.पि.डी. सेवा सञ्चालन तथा डुम्रे आधारभूत अस्पतालको सेवा क्रमशः विस्तार गर्दै भविष्यमा २४ सै घण्टा सेवा सञ्चालनको व्यवस्था गर्न **२ करोड** बजेटको व्यवस्था गरेकोछु।
- 'गर्भवतीसँग उपाध्यक्ष' कार्यक्रममार्फत गर्भवती तथा सुत्केरी महिलालाई नि:शुल्क स्वास्थ्य बीमा, नियमित स्वास्थ्य परीक्षण, जोखिम पहिचान, रेफरल सेवा तथा संस्थागत प्रसूति प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएको छु।
- बन्दीपुर गाउँपालिका भित्र निर्धारित समयभित्र व्यक्तीगत घटनादर्ता सम्बन्धी अभियान संचालन गर्न तथा सचेतना कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- बालविवाह,बालश्रम न्यूनिकरण, विपन्न महिलाको लागि सीप विकास कार्यक्रम, महिला शसक्तीकरण, जेष्ठ नागरिक अपाङ्गता, लैङ्गिक हिँसा विरुद्धको अभियान सँचालन को लागि आवश्यक बजेटको विनियोजन गरेको छु।

४. वन वातवरण तथा विपद व्यवस्थापन तर्फ:

यस क्षेत्रको समग्र विकासका लागि **रु.७० लाखको** बजेट विनियोजन गरेको छु।जसबाट

- गाउँपालिका भित्र हुने प्राकृतिक प्रकोप तथा विपदको पुर्व तयारी, प्रतिकार्य र पुनर्लाभ कार्यको लागि रु.१० लाख बजेट विनियोजन गरेको छु।
- बन्दीपुर गाउँपालिकालाई प्लाष्टिक रहित बनाउन आवश्यक कार्यक्रम संचालनको लागि बजेटको व्यवस्था गरेको छु।
- बन्दीपुर गाउँपालिका भित्र वृक्षरोपण एंव वन वातवरण संरक्षण र फोहरमैला व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५. कार्यालय संचालन तथा प्रशासनिक : १३ करोड ४० लाख ९७ हजार ५ सय ६९ रुपैया विनियोजन गरेको छु। जसबाट...

- कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि तालिम, कार्यशाला गोष्ठी तथा अध्ययन अवलोकन भ्रमणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

- चालु खर्च कटौती गर्ने र पूँजीगत खर्च बढाउने दिशामा सम्पुर्ण संयन्त्रको परिचालन गर्ने व्यवस्था मिलाएको छु।
- नागरिक सहायकता कक्ष, गुनासो व्यवस्थापन, सुचना प्रकाशन तथा सार्वजनिक सुनुवाई कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- **विद्युतीय (बायोमेट्रिक) हाजिरी प्रणालीको व्यवस्थापन गरि सेवा प्रवाह चुस्तदुरुस्त बनाईनेछ।**

६. **वडा तर्फ**: ६ वटै वडाहरुको पूर्वधार लगायत विभिन्न विषयगत क्षेत्र तर्फको समग्र विकासका लागि **रु ४ करोड ५० लाख** विनियोजन गरेको छु।

सभाध्यक्षज्यू

अब म आगामी आर्थिक वर्ष २०८३-०८४ को राजश्व परिचालनको नीति तथा कार्यक्रम गर्न अनुमति चाहन्छु।

- कर प्रणालीमा संरचानात्मक सुधार गर्दै करको दायरा फराकिलो पार्दै लगिनेछ।
- कर तथा गैरकर राजस्वको दायरा विस्तार गर्दै कर प्रणालीलाई वैज्ञानिक अनुमानयोग्य, सरल, पारदर्शी र प्रविधिमैत्री बनाइनेछ।
- कर संकलनमा उत्कृष्ट योगदान गर्ने करदातालाई सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ।
- करयोग्य सबै किसिमको आयलाई करको दायरा ल्याउदै कर छली तथा चुहावट नियन्त्रण गरिनेछ।
- करदाताको डीजिटल अभिलेख अद्यावधिक गरी सबै करदातालाई कर प्रणालीमा आबद्ध गरिनेछ।
- चालु आर्थिक वर्षमा लगाईएका करका दरहरुमा सामान्य हेरफेर गरेको छु।

अन्त्यमा,

प्रस्तुत बजेट तर्जमा गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने स्रोत अनुमान तथा बजेट निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समितिहरु, नेपाल सरकार, गण्डकी प्रदेश सरकार, बन्दीपुर गाउँपालिका अन्तरगका विभिन्न शाखा, सभा सदस्यज्यूहरु र सम्पुर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

बजेट कार्यन्वयनमा गाउँसभा सदस्यज्यूहरु, कर्मचारी संयन्त्र, नागरिक समाज, सञ्चार माध्यम, एवं सम्बद्ध सबै सरोकारवालाहरुबाट रचनात्मक सहयोगको उपेक्षा गर्दै समृद्ध बन्दीपुर निर्माणमा सबैको आआफ्नो क्षेत्रबाट योगदान गर्ने आशा एवं विश्वास गर्दछु।

धन्यवाद !!!

जय बन्दीपुर
पञ्चमाया गुरुङ
उपाध्यक्ष बन्दीपुर गाउँपालिका

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय

आर्थिक ऐन २०८३

प्रस्तावना:

बन्दीपुर, दस्तुर र गाउँपालिकाको आर्थिक वर्ष २०८३ /०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको, प्रशासनिक व्यवस्था गर्न आ बान्छनिय भएकोले, नेपालको संविधान को धारा २२८ को उपधारा (२) बमोजिम बन्दीपुर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भ:

(१) यस विद्येयकको नाम आर्थिक ऐन, २०८३ रहेको छ।

(२) यस ऐन गाउँसभाले पारित गरेदेखि मिति २०८३ साल श्रावण १ गते देखि मिति २०८४ साल असार मसान्त सम्म बन्दीपुर गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा:

क) ऐन भन्नाले बन्दीपुर गाउँपालिकाको आर्थिक ऐन , २०८३ लाई सम्झनु पर्छ।

ख) कार्यपालिका भन्नाले बन्दीपुर गाउँपालिका,गाउँ कार्यपालिका लाई सम्झनु पर्छ।

ग) गाउँपालिका भन्नाले बन्दीपुर गाउँपालिकालाई सम्झनुपर्छ।

घ) फर्म भन्नाले प्रचलित कानून बमोजिम दर्ता भए वा नभएको जुनसुकै फर्म सम्झनुपर्छ।

ङ) व्यक्ति भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ।

च) सभा भन्नाले बन्दिपुर गाउँपालिकाको सभा सम्झनुपर्छ।

छ) संविधान भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

ज) तोकिए बमोजिम) भन्नाले यस ऐन अनुसार बन्ने नियम, निर्देशिका, तथा कार्यविधिमा तोकिएको बमोजिम भन्ने बुझिन्छ।

झ) दहत्तर बहत्तर भन्नाले नदीजन्य पदार्थ वा नदीनाला वा खोलामा तैरिएर बसेको काठ दाउरा वा यस्तै प्रकारका वस्तु सम्झनुपर्छ।

३. **सम्पति कर:**

(१) बन्दीपुर गाउँपालिकाका क्षेत्रभित्र रहेका घर, टहरा तथा भवनहरु र सोले चर्चेको जग्गामा अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। घरको मुल्याङकन अनुसूचि (१) अनुसार घरको बनौटको आधरमा ह्रास कट्टी दर अनुसार गरिनेछ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउदा घर, टहरा तथा भवनहरु र सोले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएको अन्य जग्गामा अनुसूचि (२) बमोजिम भूमिकर (मालपोत) लगाईनेछ।

(३) स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ५५ (५) बमोजिम सम्पत्तिकर नलागने संरचनाको सम्पत्तिकर नलिई भूमिकर (मालपोत) मात्र असुल गरिनेछ।

स्पष्टीकरण:- यस दफाको प्रयोजनको लागि घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकत सो क्षेत्रफल बराबरको थप जग्गा सम्झनुपर्छ।

४. भूमि कर (मालपोत):

(१) बन्दीपुर गाउँपालिकाका क्षेत्रभित्र सम्पत्तिकर लाग्ने भूमि बाहेकमा अनुसूची (२) बमोजिम जग्गाको मूल्यांकनका आधारमा भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

(२) रजिष्टेशन प्रयोजनको लागि मालपोत कार्यालय तनहुँले तयार गरेको घरजग्गाको मुल्याङकनलाई नै अनुसूचि (१) बमोजिम सम्पत्ति कर प्रयोजनको लागि घर तथा जग्गाको मुल्याङकनको आधार मानिनेछ। मालपोत कार्यालयको मूल्यांकन नभएको अवस्थामा गाउँपालिकाबाट भएको मूल्यांकन अनुसार कर असूल गरिनेछ।

(३) कुनैकरदाताले जग्गा तथा घरको मूल्याङकन बढाएर कर तिर्न चाँहेमा एक पटक बढाएर कर तिरेपछि करदाताले चाँहेर पनि सो जग्गा वा घर किनबेच वा नामसारी नभएसम्मको लागि पूनः मूल्याङकन घटाएर कर तिर्न पाईनेछैन।

(४) स्थानीय भूमि प्रशासन सेवा सुचारु भए पश्चात जग्गाको न्यूनतम मूल्याङकन भूमि प्रशासन कार्यालय तनहुँको आ.व. २०८३ / ०८४ कायम भएको न्यूनतम मूल्याङकन दर अनुसार कर असुल गरिनेछ।

५. घर वहाल तथा भाडा कर:

(१) गाउँपालिका क्षेत्र भित्र प्रत्येक घर तथा भवनको लगत संकलन गरी अध्यावधिक गरिनेछ ।

(२) बन्दीपुर गाउँपालिकाका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ। बहालकर कम्तिमा मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक रुपमा दाखिला गर्नु पर्नेछ।

(३) बैकिङ प्रयोजनको लागि घर बहाल कर तिर्नुपरेमा न्यूनतम ६ महिनाको बहाल कर अनिवार्य तिर्नु पर्नेछ।

६. व्यवसाय कर (दर्ता, नविकरण तथा व्यवसाय कर):

(१) बन्दीपुर गाउँपालिकाका क्षेत्रभित्र उद्योग,व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर (दर्ता, नविकरण तथा व्यवसाय कर) लगाइने र असूल उपर गरिनेछ।होटल ब्यवसायको वर्गिकरण गरी होटलको स्तर, पूर्वाधारको स्तर तथा सेवाको स्तरका आधारमा होटल ब्यवसाय करको दायरा निर्धारण गरिने छ। व्यवसाय दर्ताको लागि प्रकृति अनुसार करको २०% दर्ता शुल्क लाग्नेछ। व्यवसाय करको हकमा चालु आ.व. कै असार मसान्त सम्ममा व्यवसाय कर तिर्नु पर्नेछ। सवारी साधनबाट मानिस ओसार पसार गर्ने व्यवसायीले ग्राहकहरुको बिमाको व्यवस्था गर्नु पर्नेछ।

(२) साथै निर्माण व्यवसायीको हकमा घ वर्गको ईजाजत पत्र नविकरण गर्दा आ.व. शुरु भएको तीन महिना

भित्र गरिसक्नु पर्ने र सो अवधि नाघेमा थप तीन महिना भित्र थप दस्तुर लिई असूल उपर गरी नविकरण गरिनेछ।

(३) कुनै व्यवसायीले बन्दीपुर गाउँपालिका व्यवसाय दर्ता गर्दा कम्पनी रजिष्टार कार्यालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय वा अन्य नियामक निकायमा दर्ता गरी पूँजि खुलाई व्यवसाय दर्ता गरेको भएमा उक्त प्रमाण पत्रमा खुलेको पूँजिको आधारमा व्यवसाय दर्ता गरी व्यवसाय प्रमाण पत्र जारी गरिनेछ।

(४) कुनै व्यक्ति वा फर्मले यातायत व्यवस्था कार्यालयमा नियमानुसार दर्ता भएका जिप सफारीलाई बन्दीपुर गाउँपालिको को आर्थिक ऐनमा दर तोकी व्यावसायिक रुपमा दर्ता गरी व्यवसायिक कर असुल उपर गरिनेछ।

(५) बन्दीपुर गाउँपालिकाको क्षेत्रभित्र व्यवसाय दर्ता नगरी अस्थाइ रुपमा बिभिन्न स्थानमा घुम्दै व्यापार गर्ने (व्यक्ति, फर्म, वा कम्पनी) पटके व्यापारीहरुलाई व्यवस्थापन गर्न तथा राजस्व संकलनलाई प्रभावकारी बनाउन तथा गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्ने उद्देश्यले प्रचलित ऐन, कानून, नियम तथा गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम पटके व्यापारीहरुसंग पटके कर संकलन गरी असूल उपर गरिनेछ।

(६) पटके व्यापारी शुल्क अनुसूचि (१३) बमोजिमको लगाइने र असूल उपर गरिनेछ

७. जडिबुटी, कवाडी र जीवजन्तु कर:

(१) बन्दीपुर गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

(२) बन्दीपुर गाउँपालिका क्षेत्रभित्र संकलन तथा कारोबार हुने कवाडी वस्तुहरुलाई व्यवस्थित गर्न, राजस्व संकलनलाई प्रभावकारी बनाउन तथा गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्ने उद्देश्यले प्रचलित ऐन, कानून,नियम तथा गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम कवाडी संकलन शुल्क असूल उपर गरिनेछ।

(३) अनुसूची (५) मा रहेको कुनै प्रवधान प्रदेश कानून सँग बाँझिएमा बाँझिएको हद सम्ममा प्रदेश कानून को प्रावधान लागू हुनेछ।

८. सवारी साधन कर:

(१) बन्दीपुर गाउँपालिकाको क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

(२) अनुसूची (६) मा रहेको कुनै प्रवधान प्रदेश कानून सँग बाँझिएमा बाँझिएको हद सम्ममा प्रदेश कानून को प्रावधान लागू हुनेछ।

९. **विज्ञापन करः**

(१) बन्दीपुर गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

(२) अनुसूची (७) मा रहेको कुनै प्रवधान प्रदेश कानून सँग बाँझिएमा बाँझिएको हद सम्ममा प्रदेश कानून को प्रावधान लागू हुनेछ ।

१०. **मनोरन्जन करः**

(१) बन्दीपुर गाउँपालिकाका क्षेत्रभित्र हुनेर शुल्क लिई संचालन गरिने जुनसुकै प्रकारको मनोरन्जन व्यवसायमा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

(२) अनुसूची (८) मा रहेको कुनै प्रवधान प्रदेश कानून सँग बाँझिएमा बाँझिएको हद सम्ममा प्रदेश कानून को प्रावधान लागू हुनेछ ।

११. **बहाल बिटौरी शुल्कः** बन्दीपुर गाउँपालिकाका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका तथा सार्वजनिक ऐलानी पर्ती जग्गामा अन्य व्यक्ति वा निकायले निर्माण गरी प्रयोग गरि आएका सार्वजनिक तथा नीजि घर टहरा वा भौतिक पूर्वाधारहरु गाउँपालिका क्षेत्र भित्र सार्वजनिक वा कुनै ब्यक्ति संस्थाको हकभोग वाहेकको अन्य जग्गा वा स्थान उपयोग गरी निर्माण गरिएको भवन गोदाम वा यस्तै प्रकृतिका संरचना वा अस्थायी रुपमा पाल टेन्ट टागेर वा रिक्सा ठेला वा यस्तै साधानको प्रयोग गरी गरिने कुनै पनि ब्यवसायिक क्रियाकलापमामा अनुसूची (९) मा उल्लेख भए अनुसार र हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **पार्किङ शुल्कः** बन्दीपुर गाउँपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम सवारी साधन पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ । निजी क्षेत्रका पार्किङ स्थलमा शुल्क संकलन गर्दा यस आर्थिक ऐन बमोजिम व्यवसाय दर्ता गरी मात्र शुल्क संकलन गर्न पाईनेछ ।

१३. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, रक क्लाईम्बिङ, साईकिलिङ, पिङ, जिपफ्लायर, प्यारागलाईडिङ, ड्रोन क्यामेरा प्रयोग गरी भिडियोग्राफी र र्याफ्टीङ्ग शुल्कः** बन्दीपुर गाउँपालिकाकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, रक क्लाईम्बिङ, साईकिलिङ, पिङ, जिपफ्लायर, प्यारागलाईडिङ, ड्रोन क्यामेरा प्रयोग गरी भिडियोग्राफी र र्याफ्टीङ्ग सेवा वा यसै प्रकृतिका साहसिक खेल र सम्वन्धित व्यवसाय संचालन गरेवापतअनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **सेवा शुल्क, दस्तुरः** बन्दीपुर गाउँपालिकाकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. **पर्यटनशुल्कः**

(१) बन्दीपुर गाउँपालिकाकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

(२) अनुसूची (१३) मा रहेको कुनै प्रवधान प्रदेश कानून सँग बाँझिएमा बाँझिएको हद सम्ममा प्रदेश कानून को प्रावधान लागू हुनेछ।

१६. **पिकनिक स्थल प्रयोग शुल्क**: बन्दीपुर गाउँपालिकाकाले आफ्नो क्षेत्रभित्र तोकिएका स्थानहरुमा पिकनिक क्याम्पफाईर संचालनको लागि अनुसूची (१४) मा उल्लिखित दरमा पिकनिक तथा क्याम्पिङ शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१७. **प्राकृतिक स्रोत बिक्री कर**:

(१) बन्दीपुर गाउँपालिकाकाले आफ्नो क्षेत्रभित्र वा वाहिर काठ दाउरा, माटो, नदिजन्य तथा खानीजन्य ढुंगा चोकर वालुवा , स्लेट, खरी तथा खानी जन्य पदार्थहरुमा अनुसूची (१५) मा ब्यवस्था भए अनुसार निकासी कर शुल्क लगाईने र असुल उपर गरिनेछ।

(२) अनुसूची (१५ मा रहेको कुनै प्रवधान प्रदेश कानून सँग बाँझिएमा बाँझिएको हद सम्ममा प्रदेश कानून को प्रावधान लागू हुनेछ।

१८. **प्राकृतिक श्रोत साधन उपभोग कर**:

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्ररहेका प्राकृतिक स्रोत साधन जस्तै बग्ने नदिनाला तथा खोलाबाट निस्कने बालुवा, गिटि, ग्रावेल तथा सार्वजनिक वा निजी जग्गामा संचालनमा रहेका विभिन्न खानी तथा वन पैदवारहरुवाट जुनसुकै ब्यक्ति वा संस्थाले निजि वा सार्वजनिक जग्गामा संचालित खानिवाट निस्कने ढुंगा,गिटी, बालुवा, स्लेट माटो वा चुन खरी ढुङ्गा, दहत्तर बहत्तर वा यस्तै प्रकारको खानी संचालन गर्दा उत्पादि सामानमा अनुसूचि (१६) मा तोकिए अनुसारको प्राकृतिक श्रोत उपभोग कर लगाईने छ।

(२) अनुसूची (१६) मा रहेको कुनै प्रवधान प्रदेश कानून सँग बाँझिएमा बाँझिएको हद सम्ममा प्रदेश कानून को प्रावधान लागू हुनेछ।

(३) गाउँपालिकावाट अनुमति नलिई खानी संचालन, विक्री वितरण र चोरी निकासी गरेको पाइएमा अनुसूचि (१६) (ख) बमोजिम जरिवाना लाग्नेछ।

(४) यस्तो कर लिईसकेपछी गाउँ पालिका क्षेत्र भित्र प्रयोग वा खपत गर्दा कुनै पनि प्रकारले निकासी कर लाग्ने छैन तर गाउँपालिकाका क्षेत्र वाहिर यस्ता उत्पादन निकासी पैठारी गर्दा गाउँपालिकाले तोके अनुसारको विक्री कर समेत लाग्नेछ।

१९. **सम्पत्ति बाहल**: बन्दीपुर गाउँपालिकाको स्वामित्वमा रहेका जमिन, भवन ,अन्य सम्पत्ति तथा मेसनरी साधनहरुको न्यूनतम भाडा दर अनुसूचि(२०) मा उल्लेख भए बमोजिम हुनेछ।

२०. **अन्य बिक्रीबाट प्राप्त आय**: बन्दीपुर गाउँपालिकाले स्थानीय सरकारको छापाखानाको छपाई दस्तुर, नक्सा प्रिन्ट बिक्री, औषधि बिक्री तथा अन्य मालसामान बिक्रीबाट प्राप्त रकम अनुसूची (१९) मा उल्लेख भए बमोजिम हुनेछ।

२१. **कर छुट**:

(१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने

छैन। तर हरेक आर्थिक वर्षको पौष मसान्त भित्र कर बुझाएमा सम्पत्तिकर/भूमिकर (मालपोत) तथा व्यवसाय दर्ता तथा व्यवसाय नविकरण शुल्क तिर्ने करदाताहरुलाई करको १०% कर छुट दिईने छ।

(२) नदीजन्य पदार्थ (ढुंगा, गिटी, बालुवा आदी), बिक्री तथा वातावरण शुल्क, बिज्ञापन, बसपार्क जस्ता ठेक्काको सम्पुर्ण रकम सम्झौताको समयमा बुझाएमा कवोल अंकको ५% रकम छुट दिन सकिनेछ। किस्ताबन्दीमा छुटको सुविधा दिईनेछैन।

(३) आ.व. २०८३/ ०८४ श्रावण देखि लागुहुने गरी अपाङ्गता भएका व्यक्तिहरुको नाममा उद्योग/फर्म/व्यवसाय दर्ता गर्दाका बखत दर्ताका बखत दर्ता दस्तुरमा ३५ प्रतिशत छुटको व्यवस्था हुनेछ।

(४) आ.व. २०७६/०७७ देखि २०७९/०८० को अवधिमा नविकरण नभएका व्यवसाय नविकरण गर्दा लाग्ने जरिवाना शुल्क छुट सम्बन्धमा।

(१) बन्दीपुर गाउँपालिकामा दर्ता भई संचालनमा रहेको व्यवसायीहरुलाई व्यवसाय नविकरण प्रक्रियामा प्रोत्साहान गरी करको दायरामा ल्याउनका लागि कोरोना महामारी तथा पृथ्वी राजमार्ग विस्तारका करण प्रभावित आ.व. २०७६/०७७ देखि २०७९/०८० को अवधिमा व्यवसाय नविकरण नभएका व्यवसायहरुको हकमा नविकरण गर्दा लाग्ने जरिवाना शुल्कमा छुट प्रदान गर्न देहाय अनुसार व्यवस्था रहनेछ।

(२) आ.व. २०७६/०७७ देखि २०७९/०८० को अवधिमा नविकरण गर्न बाँकी रहेको व्यवसायहरुले गाउँपालिकाले तोकेको अवधि भित्र मात्र व्यवसाय नविकरण गरेमा सो अवधिसम्म लाग्ने जरिवाना शुल्क छुट प्रदान गर्ने।

(३) जरिवाना शुल्क छुट भए तापनि सम्बन्धित आर्थिक वर्षहरुमा लाग्ने व्यवसाय कर , नविकरण दस्तुर नियमानुसार अनिवार्य असुल उपर गर्नुपर्ने।

(४) सो सुविधा मिति २०८३ साल श्रावण १ गते देखि कार्तिक मसान्त सम्मका लागि मात्र लागु हुनेछ। तोकीएको अवधि समाप्त भए पश्चात ऐन,कानुन, नियम तथा दररेट अनुसार व्यवसाय नविकरण शुल्क तथा व्यवसाय नविकरणमा लाग्ने जरिवाना शुल्क समेत असुल उपर गरिनेछ।

२२. दण्ड जरिवाना:

(१) यस ऐन बमोजिम लगाईएको सवै किसिमको कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुले चालु आर्थिक वर्षको कर चालु आर्थिक वर्षमै तिर्नु पर्नेछ।

(२) चालु आ.व. मा कर नतिरेमा पहिलो वर्ष ५%, दोश्रो बर्ष १०% र तेश्रो बर्ष देखि १५% का दरले जरिवाना लाग्दै जानेछ।

(३) प्राकृतिक स्रोत साधनको दोहन गरेमा अनुसूची (१६) मा तोकिए अनुसारको दण्ड जरिवाना असुल गरिनेछ।

२३. फोहरमैला व्यवस्थापन सेवा शुल्क:-

(१) बन्दीपुर गाउँपालिकाले सरसफाई तथा फोहरमैला व्यवस्थापन शुल्क अनुसूची (१७) अनुसार र हुनेछ।

(२) बन्दीपुर गाउँपालिकाले वडा नं. १ स्थीत भुँडाटारमा रहेको ल्याण्ड फिल्ड साइडमा जम्मा भएको फोहोरको उचित व्यवस्थन, वर्गिकरण तथा पुनः प्रयोग गरी वातावरण मैत्री निष्कासन गर्न आवाश्यक देखिएकाले प्रचलित ऐन, कानून,नियम तथा गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम डम्पिङ साइडको फोहोर मैला तथा कवाडी संकलन शुल्क असूल उपर गरिनेछ।

२४. **आय ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्था:**

(१) गाउँपालिकाले असूल गर्ने कर तथा सेवा शुल्क असूली लागि आय ठेक्का बन्दोबस्त गर्न सक्नेछ।

(२) आय ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्था बन्दीपुर गाउँपालिकाको आर्थिक ऐन तथा सार्वजनिक खरिद नियमानली,बमोजिम हुनेछ।

२५. **बैदेशिक तथा अन्य प्रयोजनको लागि सम्पत्ति स्वमुल्याङ्कन:** बैदेशिक तथा अन्य प्रयोजनको लागि सम्पत्ति स्वमुल्याङ्कन गर्दा तोकिएको दर अनुसार शुल्क लाग्ने र यो दर २ आर्थिक बर्षसम्म परिवर्तन गरिने छैन

२६. **कर दाखिला:** रकम फिर्ता सम्बन्धमा गाउँपालिकाको खातामा कुनै व्यवसायिक फर्म वा व्यक्तिले आन्तरिक राजस्व खातामा दाखिला गरेको रकम जुन प्रयोजनका लागि दाखिला गरेको हो सोही प्रयोजनको काम गर्दा गाउँपालिकाको आदेशले असमर्थ देखिएमा उक्त राजस्व दाखिला गर्ने व्यक्ति वा फर्मलाई फिर्ता दिन सक्नेछ।

२७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:**

(१) यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि बन्दीपुर गाउँपालिकाले तोके अनुसार हुनेछ।

(२) बन्दीपुर गाउँपालिकामा करदाताले भौतिक उपस्थितीमा सम्बन्धित कार्यालयबाट वा अनलाइन वा दुबै माध्यमबाट कर भुक्तानी गर्न सक्नेछ।

२८. **करारोपण:** स्थानीय सरकार सरकार संचालन ऐन, २०७४ को दफा ५४ सँग सम्बन्धित तथा प्रचलित कानून बमोजिम बाहेक कर लगाउन, उठाउन वा ऋण लिन नपाउने व्यवस्था बमोजिम यस बन्दीपुर गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र तोकिएको कर, शुल्क, दस्तुर तथा सेवा शुल्क मात्र निर्धारण एवं संकलन गर्ने र कानून बमोजिम बाहेकको कर उठाउने वा ऋण लिने कार्य नगर्ने वा दायित्व सृजना नगर्ने।

अनुसूची १
(दफा ३ सँग सम्बन्धित)
सम्पत्ति करको दायरा तथा करको दर
बन्दीपुर गाउँपालिकामा सम्पत्ती कर प्रयोजनका लागि भौतिक संरचनाको मुल्यांकन दर
संरचना प्रति वर्ग फुट रु.

आ.ब. २०८३/०८४ को श्रावण महिना देखी तपशिल बमोजिम सम्पत्तिको मुल्याङक दर कायम गरी सोहीअनुसार सम्पत्ति कर लगाईनेछ।

क्र.सं.	मूल्याङ्कन समूह	मूल्याङ्कन उपसमूह	वर्गीकरण	मूल्याङ्कन दर
१	आर. सि.सी. फ्रेम स्ट्रक्सचर र आर. सि.सी. ढलानको छाना	व्यापारीक औद्योगिक तथा संस्थागत	व्यापारीक	१४००
			आवासिय	१२५०
			कृषि	८००
		बसोबास	व्यापारीक	१३००
			आवासीय	१२००
			कृषि	७००
२	आर. सि.सी. फ्रेम स्ट्रक्सचर र जस्ताको छाना	व्यापारीक औद्योगिक तथा संस्थागत	व्यापारीक	१३००
			आवासीय	११००
			कृषि	७००
		बसोबास	व्यापारीक	१२००
			आवासीय	१०००
			कृषि	६००
३	सिमेन्ट जोडाईमा ढुङ्गा वा ईँटाको गाह्रो र आर सिसी ढलानको छाना	व्यापारीक औद्योगिक तथा संस्थागत	व्यापारीक	१२००
			आवासीय	१०००
			कृषि	६००
		बसोवास	व्यापारीक	१०००
			आवासिय	८००
			कृषि	५००
४	माटोको जोडाईमा ढुङ्गा वा ईँटाको गाह्रो र आर सिसी ढलानको छाना	व्यापारीक औद्योगिक तथा संस्थागत	व्यापारीक	९००
			आवासीय	७००
		बसोबास	कृषि	५००
			व्यापारीक	८००
			आवासीय	६००
			कृषि	५००

क्र.सं.	मूल्याङ्कन समूह	मूल्याङ्कन उपसमूह	वर्गीकरण	मूल्याङ्कन दर
५	सिमेन्ट जोडाईमा ढुङ्गा ढुङ्गा ईँटाको गाह्रो र स्लेटको छाना	व्यापारीक औद्योगिक तथा संस्थागत	व्यापारीक	७००
			आवासीय	६००
			कृषि	४००
		बसोवास	व्यापारीक	६००
			आवासीय	५५०
			कृषि	३५०
६	माटोको जोडाईमा ढुङ्गा ढुङ्गा ईँटाको गाह्रो र स्लेटको छाना	व्यापारीक औद्योगिक तथा संस्थागत	व्यापारीक	६००
			आवासीय	५००
			कृषि	३००
		बसोवास	व्यापारीक	५००
			आवासीय	४५०
			कृषि	३००
७	माटोको जोडाईमा ढुङगा/ईट्टाको ग्राहोमा ढुङगा/खर/खपटाको छाना (सेड)	व्यापारीक औद्योगिक तथा संस्थागत	व्यापारिक	५००
			आवासिय	४००
			कृषि	३००
		बसोबास	व्यापारिक	४५०
			आवासिय	३००
			कृषि	२५०

बन्दीपुर गाउँपालिकामा सम्पत्ती कर प्रयोजनका लागि भौतिक संरचनाको स्वीकृत मूल्यांकन ह्रासकट्टी दर

सिं. नं.	संरचनाको प्रकार\ संरचनाको आयु	RCC फ्रेम स्टक्चर र RCC ढलानको छाना	RCC फ्रेम स्टक्चर र जस्ताको छाना	सिमेन्टको जोडाइमा ढुङगा /ईट्टा/ब्लकको गाह्रो र RCC ढलानको छाना	माटोको जोडाइमा ढुङगा / ईट्टा/ ब्लकको गाह्रो र RCC ढलानको छाना	सिमेन्टको जोडाइमा ढुङगा /ईट्टा/ ब्लकको गाह्रो र जस्ता स्लेटको छाना	माटोको जोडाइमा ढुङगा /ईट्टा/ ब्लकको गाह्रो र जस्ता स्लेटको छाना	माटोको जोडाईमा ढुङगा/ईट्टाको ग्राहोमा ढुङगा/ खर/खपटाको छाना
१	०-५ वर्ष	०	०	०	०	१०	१०	१०
२	६-१० वर्ष	१०	१२	१२	१५	१७	१८	२०
३	११ - १५ वर्ष	१२	१५	१५	१७	२२	२७	३०

सिं. नं.	संरचनाको प्रकार\ संरचनाको आयु	RCC फ्रेम स्टक्चर र RCC ढलानको छाना	RCC फ्रेम स्टक्चर र जस्ताको छाना	सिमेन्टको जोडाइमा ढुङगा /ईट्टा/ब्लकको गाह्रो र RCC ढलानको छाना	माटोको जोडाइमा ढुङगा / ईट्टा/ ब्लकको गाह्रो र RCC ढलानको छाना	सिमेन्टको जोडाइमा ढुङगा /ईट्टा/ ब्लकको गाह्रो र जस्ता स्लेटको छाना	माटोको जोडाइमा ढुङगा /ईट्टा/ ब्लकको गाह्रो र जस्ता स्लेटको छाना	माटोको जोडाईमा ढुङगा/ईट्टाको ग्राहोमा ढुङगा/ खर/खपटाको छाना
४	१६-२० वर्ष	१५	१८	१८	२०	२७	३३	३५
५	२१- २५ वर्ष	२०	२२	२२	२५	३०	३५	४०
६	२६-३० वर्ष	२५	२७	३०	३३	३५	३७	४०
७	३१ - ३५ वर्ष	३०	३३	३३	३५	३७	४०	४०
८	३६-४० वर्ष	३५	३७	३७	४०	४०	४०	४५
९	४१-५० वर्ष	४०	४०	४०	४०	४०	४०	४५
१०	५१ वर्ष भन्दा माथि	५०	५५	६०	६५	७०	७५	८०

भुमि कर (मालपोत) को दायरा र करको दर

अनुसूचि २

दफा ४ सँग सम्बन्धित

भूमिकर (मालपोत) को दायरा र करको दर

बन्दीपुर गाउँपालिकाको आ.ब. २०८३/०८४ को श्रावण महिना देखी भूमिकर (मालपोत) वापत भूमीको मूल्य कायम गरी सोहीअनुसार भूमि कर (मालपोत) लगाईनेछ ।

बन्दीपुर गाउँपालिकाको तपसिल बमोजिम मूल्यको आधारमा सम्पत्ति तथा भूमीकर (मालपोत) करको लागि न्यूनतम जग्गाको मुल्याङकन रकम प्रति रोपनी रु.

